# आसीविसोपम सुत्त

(व्याख्या सहित)



अनागारिका सुशीला

Downloaded from http://dhamma.digital/

# आसीविसोपम सुत्त

(व्याख्या सहित)

संकलन कर्ता

अनागारिका सुशीला
"परियत्ति सद्धम्म कोविद"
तनविहार, चंकी, ललितपुर।

Downloaded from http://dhamma.digital/

प्रकाशकहरू:-

आमा-बेतिमाया शाक्य

दाजु-नरबहादुर शाक्य

भाई-तीर्थराज शाक्य

भाई-कृष्ण शाक्य

प्रथम संस्करण १००० प्रति

ने. सं. ११११०

बु. सं. २५३३

बि. सं. २०४६

ई. सं. १९८९

नेपाल प्रेस, शुक्रपथ, काठमाडौं।

फो. नं.- २२ १० ३२

Downloaded from http://dhamma.digital/



स्व० लक्ष्मी शाक्य

जन्म मितिः– २००२ साल भाद्र १२

मृत्यु मितिः– २०४५ साल जेष्ठ २२ शनिवार

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# स्व० लक्ष्मी शाक्यको संक्षिप्त जीवनी

पिता सिङ्गबहादुर र माता बेतिमायाको दोश्रो सन्तानको रूपमा वि. सं. २००२ साल भाद्र १२ गते पूर्व ४ नं. भोजपुर जिल्लाको टक्सारमा स्व० लक्ष्मी शाक्य जन्मेकी थिइन् । वि. सं. २०१७ सालमा आफ्नो पिता परलोक भए पछि आफ्नी आमा, दाजु, दुई भाइ र तीन बहिनीहरू साथ लिइ आफ्नो जीवन बृत्तिको लागि 'धरान तर्फ बसाई सरेकी थिइन् । जेठी छोरीको नाताले उनले आफ्नो सबै नाबालक भाई, बहिनीहरू र बिधवा आमाको सेवा र कर्तव्यको जिम्मेवारी राम्ररी नै निभाएर आई रहेकी थिइन् । आफूलाई शिक्षा–दिशाको क्षेत्रमा त्यति माथि उठाउन नसकेता पनि भाई–बहिनीहरूको शिक्षा दिक्षामा निवर्क कोशिस गरेकी थिइन् । केही कुरामा सफल भएर केहीमा असफल भएता पनि एउटा सहृदयी व्यक्तिमा हुने कोमल भावना र धार्मिक कार्यमा पनि उनी बेला बखतमा सर्मपित हुँदै आई रहेकी थिइन् । अरूलाई चाहिंदो सहयोग र सेवा पुऱ्याउन नसकेता पनि अरूलाई दु:ख दिनु हुन्न भन्ने भावना उनीमा थियो । धरानको स्वयम्भू चैत्य विहारको आजीवन सदस्या भएकी उनीमा आफ्नो धर्म प्रति आस्था थियो ।

दुर्भाग्यवश उनी २०४५ साल जेष्ठ २२ गते शनिबार

Downloaded from http://dhamma.digital/

रातको २ बजेर ४५ मिनेट जाँदा बिषालु गौमन सर्पको डसाईबाट असामयिक निधन भएकी थिइन् ।

यो "आसिविसोपम" सुत्तलाई पुस्तकको रूपमा अनागारिका सुशीला अय्याद्वारा सम्पादित गर्नु भएको हो जसलाई गौमन सर्पको टोकाईबाट निधन भएकी छोरी स्व० लक्ष्मीको पुण्य स्मृतिमा उनीको निर्बाण कामनार्थ धर्मदानको रूपमा प्रकाशित गरेका छौं ।

आमा–बेतिमाया शाक्य
दाज्यू–नरबहादुर शाक्य
भाई–तीर्थराज शाक्य
भाई–कृष्ण शाक्य

धरान
आनन्द रोड
२०४६ साल कार्तिक २४

Downloaded from http://dhamma.digital/

नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# दुई शब्द

श्रद्धावन्तहरूको सामुन्ने "आसीविसोपम" सुत्त संकलन गर्ने इच्छा हुनाको कारण पहिले भन्तेहरूद्वारा कथा सुन्दा नै प्रभावित भै रहेकोले हो। पछि बर्माबाट पाल्नु भएका "पूज्य ज्ञानेश्वर" महास्थविरद्वारा बनेपा ध्यान कुटीमा "विपस्सना" शिविरमा धर्म देशना गरेको सुनी मनमा अझ बढी श्रद्धा उत्पन्न भएर आयो। पछि यही पुस्तकको रूपमा "रेनु" स्थापितले नेपाल भाषामा अनुवाद गरी "धर्म कीर्ति बौद्ध अध्ययन गोष्ठी" द्वारा प्रकाशित भयो।

त्यही पुस्तक पढी हेरी यो "आसीविसोपम" सुत्त अलि बिस्तार रूपमा प्रकाश गर्ने इच्छा उत्पन्न भयो। पहिले त विशुद्धानन्द भन्तेसँग आग्रह गरे अनुरूप वहाँले नेपाली भाषामा अनुवाद गरी दिनु भएको थियो। ज्यादै बिस्तृत हुन गएको र वहाँ पनि छिट्टै धरान जानु पर्ने भएकोले पछि बुद्धघोष महास्थविर र अरू सज्जन वर्गको सल्लाह बमोजिम मूलसूत्रको आधार लिइ मुख्य मुख्य कुराको व्याख्या सहित लेखी प्रकाश गरेमा राम्रो हुने देखियो। तर दुःखको कुरा आफूमा ग्रन्थको आधार लिई लेख्ने क्षमता त्यति सबल

Downloaded from http://dhamma.digital/

नभएकोले दुई चार जना सज्जन वर्गको सहायताबाट अनुवादको काम सफल गरे ।

पुस्तकको रूप दिनमा सहायता दिनु हुने महानुभाव-हरू–पूज्य बुद्धघोष महास्थविर, श्री धर्म रत्न शाक्य, त्रिशुली, श्री कृष्णमान शाक्य, भोजपुर, श्री त्रिरत्न मानन्धर, र हरेक कुरामा सल्लाह र सुझाव दी सहयोग गरी दिनु हुने श्री दुण्ड बहादुर बज्राचार्यलाई र प्रकाशक परिवार प्रति धन्यवाद दिन चाहन्छु ।

साधारण पाठक वर्ग समेत यस पुस्तकबाट लाभान्वित होउन् भन्नाको लागि "पूज्य संघ महानायक प्रज्ञानन्द महास्थविर" द्वारा केही वर्ष अगाडि नेपाल भाषामा अनूदित एवं सम्पादित सद्बार भाजनी' पुस्तकबाट दान शील र भावनाको केही अंश उद्धृत गरी यसमा समावेश गरेकी छु । तसर्थ वहां प्रति पनि कृतज्ञ छु । छिटो र छरितो गरी छापि दिने नेपाल प्रेस परिवार प्रति पनि धन्यवादको पात्र छ ।

अन्त्यमा सज्जन पाठक वर्गले यस पुस्तकमा भएका छपाइ सम्बन्धी अशुद्धि तर्फ ध्यान न दिइ पुस्तकबाट सार लिनु भै आफ्नो जीवन सुधार गर्न सके मेरो यो सानो प्रयास सफल भएको सम्झने छु ।

२०४६।८।१ सुशीला अनागारिका

Downloaded from http://dhamma.digital/

# प्रस्तावना

प्रस्तुत पुस्तकमा भएको "आसीविसोपम सुत्त" सुत्त-पिटकको संयुक्तनिकायबाट उद्धृत गरिएको हो। यस सूत्रको आसय अववोध गराउनको निमित्त विभिन्न ग्रन्थहरूबाट व्याख्यात्मक कुराहरू संकलन गरी क्रमबद्ध रूपमा दर्शाउन खोजेको छ।

भगवान बुद्धले यस शरीरमा भएको चार महाभूतलाई वीषधारी सर्पको उपमा दिनु भएको छ। साथै दुःखबाट मुक्त हुनाको लागि चार महाभूतको भाविता गर्ने तरीका पनि दर्शाउनु भएको छ। पञ्चस्कन्धलाई पाँच वधक (हत्यारा) को रूपमा दर्शाउनु भयो। तृष्णालाई गुप्त वधकको रूपमा छः अज्झत्तिक-आयतनलाई ध्वस्त भएको गाउँको रूपमा दर्शाउनु भयो। ध्वस्त भएको गाउँ भन्नुको अर्थ हो- आफ्नो 'अज्झतिकसन्तात' मा भएको आँखा, कान, नाक, जिभ्रो, शरीर र मन, त्यस ध्वस्त भएको गाउँमा सुरक्षाको लागि ढोका लगाउने छैन; पालो पहरा छैन। त्यसैले ध्वस्त भएको भएको गाउँमा डाँकाहरू पसी सजिलैसँग धनमाल लुटेर लैजान्छन्। ती डाँकाहरू हुन्- रूपारम्मण, सद्दारम्मण, गन्धारम्मण, रसारम्मण, फोट्ठब्बारम्मण र धम्मारम्मण, ती डाँकाहरू छः द्वारबाट पसी यिनीहरूले लुटेर लैजान्छन्।

ती डाँकाहरू आउँदा सुतुक्क आउने होइन। लोभ-अग्नि, द्वेष-अग्निको मशाल लिएर आउँछन्। ती

Downloaded from http://dhamma.digital/

डाँकाहरूले कुशलरूपी धनमाल भएकाहरूसँग लुट्छ र तिनी-हरूलाई नाङ्गा पारी दिन्छन् ।

साह्रै बेतोड्ले बग्ने नदी चार ओघ हुन् । ती हुन कामोघ, भवोघ, दिट्ठोघ र अविज्जोघ । स्कन्ध (काय) लाई मेरो आत्मा भनी उपादान रूपले ग्रहण गर्नुलाई सत्कायदृष्टि भनिन्छ । 'छातिमा भालाले रोप्दा र टाउकोमा आगो ह्वार ह्वार बल्दा जति कष्ट हुन्छ सत्काय दृष्टिमा आशक्त हुँदा त्यो भन्दा पनि ज्यादा कष्टदायक हुन्छ' भनी भगवान् बुद्धले आज्ञा गर्नु भएको छ । त्यसैले उहाँ भन्नु हुन्छः—

सतिया विय ओमट्ठो डह्यमानोव मत्थके ।
सक्कायदिट्ठि पहानाय सतो भिक्खु परिब्बजे ।।

लोकसम्मुति अनुसार व्यक्ति, सत्वपुद्गल आत्मा, जीव भन्ने कुरा सत्य जस्तो देखिएतापनि परमार्थ दृष्टिले हेर्दा पुद्गल, आत्मा, जीव भन्ने छैन यो केवल नाम धातु र रूप धातु मात्र हुन् । सत्काय दृष्टि रही रहेसम्म जन्म मरणको चक्रबाट छुट्न सक्तैन । त्यसैले सत्काय दृष्टिलाई यतावारी भनेको हो ।

हात गोडा चलाउनु भनेको वीर्यको अभिप्राय हो । आशंका, भय रहित भएको उतापारी भनेको निर्वाणको अर्थ हो । आर्य अष्टाङ्गिक मार्ग पार तर्ने डुङ्गा समान हो । पार तरी निष्पाप स्थलमा रहनु भनेको अर्हतको अर्थ हो भनी भगवान बुद्धले भन्नु भयो ।

प्रस्तुत पुस्तकमा उल्लेख भएको स्वभाव धर्मलाई

Downloaded from http://dhamma.digital/

जान्नु, थाहा पाउनु, अनुभव गर्नु निश्चय पनि सजिलो छैन। स्वभाव धर्मलाई जान्नु थाहा पाउनु अवबोध गर्नु, रसास्वादन गर्नलाई धैर्य, प्रज्ञा र निरन्तर अभ्यासको आवश्यक पर्दछ। अप्रमादी भई निरन्तर रूपले चाल पाइरहन सके आधुनिक यन्त्रले पत्ता लगाउन न सकेको स्वभाव धर्मलाई अनुभव गर्न सकिन्छ।

आज भोलि नेपाली जनजीवनमा 'सतिपट्ठान विपस्सना' को अभ्यास गर्नें अभिरूचि वृद्धि भइ रहेको छ। यस्तो अवस्थामा "आसीविसोपम सुत्त" जस्तो गम्भीर सूत्रको व्याख्या सहित भएको पुस्तक प्रकाशमा आउन निश्चय नै समयानुकूल देखिन्छ। मलाई पूर्ण आशा एवम् विश्वास छ; प्रस्तुत पुस्तकबाट नेपाली धार्मिक जनहरू निकै लाभान्वित हुनेछ। साथै भगवान बुद्धको सूक्ष्म एवम् गम्भीर धर्म र दर्शनलाई अझ बढी अध्ययन र अभ्यास गर्दै लैजाने छ।

अन्तमा अनागारिका सुशीला (परियत्ति सद्धम्म कोविद) ले साह्रै मेहेनत गरी अति गम्भीरताको साथै महत्वपूर्ण भएको 'आसीविसोपम सुत्त' को व्याख्या संकलन एवम् सम्पादन गरी जन सेवा कार्यमा संलग्न भएकोमा मेरो धेरै साधुवाद छ। अस्तु

श्री सुमङ्गल विहार<br>
ललितपुर<br>
२६ कार्तिक २०४६

भिक्षु बुद्धघोष महास्थविर<br>
केन्द्रीय परीक्षा नियन्त्रक<br>
नेपाल बौद्ध परियत्ति शिक्षा

Downloaded from http://dhamma.digital/

# विषय-सूची


| | | |
|---|---|---|
| १. | आसीविसोपम-सुत्त | १ |
| २. | चार प्रकारका सर्पहरूको विशेषता | ५ |
| ३. | बधक (हत्यारा) समान चार महाभूत | ७ |
| ४. | चार धातु भावनाको पूर्ण अवस्था | १० |
| ५. | पाँच बधक | १३ |
| ६. | अर्को किसिमको बधक | १४ |
| ७. | तृष्णा बधक | १४ |
| ८. | अज्झत्तिक आयतन ६ वटा | १७ |
| ९. | बाहिर आयतन ६ वटा | २१ |
| १०. | यक्षहरू भएको ध्वस्त गाउँको उपमा | २१ |
| ११. | इन्द्रिय असंयमी हुँदा हानी | २४ |
| १२. | गाउँलाई ध्वस्त गर्ने चोर डाँकाहरूको उपमा | २६ |
| १३. | बोधिपक्खिय धर्मलाई डाँकाहरूले नष्ट गरेको | २७ |
| १४. | चार प्रकारका ओघ (बाढी) | ३० |
| १५. | आर्य अष्टाङ्गिक मार्ग | ३१ |
| १६. | मिलख ब्याधाको कथा | ३४ |
| १७. | दान कथा | ४० |
| १८. | शील कथा | ४३ |
| १९. | भावना कथा | ४८ |


Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# आसीविसोपम–सुत्त

## आशीविषोपम–सूत्र

एक समय भगवान् बुद्ध श्रावस्ती स्थित अनाथपिण्डिकको जेतवनाराममा बसिरहनु भएको थियो । त्यहाँ भगवान् बुद्धले भिक्षुहरूलाई सम्बोधन गर्दै भन्नु भयो– "भिक्षु हो !"

भिक्षुहरूले "भदन्त !" भनी भगवान् बुद्धलाई प्रत्युत्तर दिए ।

भगवान् बुद्धले भन्नु भयो– "भिक्षु हो ! जस्तै चार वटा ठूलठूला विषधारी उग्रतेज भएका सर्पहरू छन् । अनि त्यहाँ कुनै एक जना पुरुष आउँछ, जसलाई बाँच्ने इच्छा छ, मर्ने इच्छा छैन, सुखी हुने इच्छा तथा दुःखबाट जोगिने इच्छा छ, त्यस्तो मानिसलाई कुनै व्यक्तिले भन्छ– "हे पुरुष !

"यी चारवटा अत्यन्त विषधारी उग्र तेज भएका सर्पहरू छन् । यिनीहरूलाई बेला बखतमा ब्यूँकाउनु, बेला बखतमा स्नान गराउनु, बेला बखतमा खुवाउनु र बेला बखतमा भित्र राखी दिने गर्नु ।"

"हे पुरुष ! यदि यी चारवटा सर्प मध्ये कुनै एउटा

Downloaded from http://dhamma.digital/

सर्पको मात्रै पनि रीस उठ्यो भने तिम्रो मृत्यु हुन सक्छ । या त मृत्यु समान दुःख हुन सक्छ । हे पुरुष ! तिमी अब जे चाहान्छौ, त्यही गर ।"

त्यतिकैमा त्यो मान्छे सर्पहरू देखि भयभीत भएर यताउती भाग्दछ । त्यस्लाई फेरि कुनै व्यक्तिले भन्छ– "हे पुरुष ! तिम्रो पछि पछि पाँच जना हत्याराहरू (वधकहरू) आइरहेका छन् । तिमीलाई उनीहरूले जहाँ भेटचो त्यही मार्छ । तिम्रो अब जे इच्छा छ त्यही गर ।"

तदुपरान्त उक्त पुरुष चारवटा सर्प र आफ्नो पछि पछि आइरहेका पाँच जना हत्याराहरूलाई देखेर डरले यताउती भाग्दछ । त्यसलाई फेरि कुनै एक जना व्यक्तिले भन्छ– "हे पुरुष ! अर्को एक जना छैठौं गुप्त हत्यारा तरवार लिएर तिम्रो पछि पछि आइरहेको छ । जहाँ तिमीलाई भेटचो त्यहीं तिम्रो टाउको दुई टुक्रा गरिदिनेछ । हे पुरुष ! तिमीलाई अब जे इच्छा लाग्छ त्यहीं गर ।"

त्यसपछि त्यो पुरुष ती चारवटा सर्प, पछि पछि आएका पाँच जना हत्यारा र छैठौं गुप्त हत्यारा देखि भयभीत भएर यताउती भाग्न थाल्छ । भाग्दै रहेको बेला त्यसले एउटा सुनसान गाउँ देख्छ । जुन घरमा ऊ पस्छ त्यहाँ उसले शून्य देख्छ । तुच्छ शून्य मात्रै जुन भाँडा कुँडा छोएर हेर्छ त्यसमा पनि रित्तो खाली मात्रै पाउँछ । त्यहाँ उसलाई कसैले भन्छ– "हे पुरुष ! कुनै चोर, डाँकाले यस शून्य गाउँमा आएर तिम्रो हत्या गर्ने छ, अब तिम्रो जे गर्ने इच्छा छ त्यही गर ।"

Downloaded from http://dhamma.digital/

अब त्यो पुरुष चारवटा सर्प, पछि पछि आइरहेका पाँच जना हत्याराहरू, छैठौं गुप्त हत्यारा र डाँकुहरू देखि झन् भयभीत भएर यताउती भाग्न थाल्छ । त्यसपछि उसले एउटा ज्यादै ठूलो नदी देख्दछ । यता नदी पारी तर्फ ऊ आफु शंका र भययुक्त छ भने पारी तर्फ शंकारहित भयरहित सुख शान्ति छ । त्यस्तो भए पनि नदी पारी जानलाई न त त्यहाँ कुनै पुल छ, न त किनारामा कुनै पार तर्ने डुङ्गा नै छ ।

भिक्षुहरू ! त्यस्तैमा त्यो मान्छेको मनमा कुरा खेल्छ, अहो ! यो कति ठूलो नदी हो । त्यो नदी पारी जानलाई न त कुनै पुल छ, न त किनारामा कुनै डुङ्गा नै छ । अब म रूखका हाँगाहरू काटेर त्यसैको एउटा बेडा तयार गर्छु र त्यसैको सहायता लिएर हात गोडा चलाएर कुशलतापूर्वक पारी तरेर जान्छु ।

भिक्षुहरू ! त्यसपछि त्यो मान्छेले रूखका हाँगा बिँगा काटेर त्यस्लाई बाँधेर एउटा बेडा तयार गर्‍यो र त्यसैको आधार लिएर हात गोडा चलाएर कुशलतापूर्वक पारी तरेर जान्छ । पारी तरेर निष्पाप थलोमा उभी रहन्छ ।

भगवान् बुद्ध भन्नु हुन्छ– "भिक्षुहरू ! मैले तिमीहरू-लाई केही कुरा बोध गराउनको लागि यो उपमा दिएर सुनाए-को छुं । जुन कुरा यस्तो छः–

चारवटा विषधारी सर्पको अभिप्राय हो चार **महाभूत** अर्थात् पृथ्वी धातु, **आपो** (जल) धातु, तेजो (अग्नि) धातु र वायु धातु ।

Downloaded from http://dhamma.digital/

पाँच जना पछि पछि आइरहेका हत्याराहरूको अभिप्राय हो पञ्च उपादान स्कन्ध अर्थात् रूप उपादान स्कन्ध, वेदना उपादान स्कन्ध, संज्ञा उपादान स्कन्ध, संस्कार उपादान स्कन्ध र विज्ञान उपादान स्कन्ध ।

भिक्षुहरू ! छैठौं गुप्त हत्याराको अभिप्राय तृष्णा राग हो । सुनसान गाउँको अभिप्राय छ वटा आध्यात्मिक आयतन-लाई भनेको हो । पण्डित (मेधावी) व्यक्तिले आँखाको परीक्षा गर्दछ अनि ऊ त्यसलाई रिक्त देख्छ । केही नभएको शून्य देख्दछ श्रोत (कान) को परीक्षा गर्दछ अनि ऊ त्यसलाई केही नभएको शून्य देख्दछ, रिक्त देख्छ, घ्राण (नाक) को परीक्षा गर्दछ ... ... जिह्वा (जिभ्रो) को परीक्षा गर्दछ ... ... काय (शरीर) को परीक्षा गर्दछ ... ... मनको परीक्षा गर्दछ र त्यसलाई रिक्त देख्दछ, केही नभएको शून्य देख्दछ ।

भिक्षु हो ! चोर डाँकु भनेको छ वटा बाह्य आयतन-को अभिप्राय हो । प्रिय, अप्रिय रूपसँग चक्षु (आँखा) ठक्कर खान्छ । प्रिय अप्रिय शब्दसँग कान ठक्कर खान्छ । मिठो नमिठो सुगन्धसंग नाक ठकराउँछ । प्रिय अप्रिय रससँग जिभ्रो ठक्कर खान्छ । प्रिय अप्रिय स्पर्शसँग काय (शरीर) ठक्कर खान्छ । प्रिय अप्रिय धर्म (स्वभाव) सँग मन ठक्कर खान्छ ।

भिक्षु हो ! नदीको अभिप्राय चार किसिमको बाढीलाई भनेको हो अर्थात् काम सम्बन्धी बाढी, भव सम्बन्धी बाढी, दृष्टि सम्बन्धी बाढी र अविद्या सम्बन्धी बाढी ।

यतावारी तर्फ आशंका र भयले युक्त भनेको सत्काय

Downloaded from http://dhamma.digital/

दृष्टिको अभिप्राय हो। भिक्षु हो! उता पारी तर्फ शंका रहित निर्भय सुख छ भनेको निर्वाणको अभिप्रायलाई इंगित गरेको हो।

भिक्षु हो! बेडा भनेको आर्य अष्टांगिक मार्गको अभिप्राय हो। ती हुन सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् बचन, सम्यक् कर्मान्त, सम्यक् आजीविका, सम्यक् ब्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि। भिक्षु हो! हात गोडा चलाउनु भनेको वीर्यको अभिप्राय हो।

भिक्षु हो! पारी तरेर निष्पाप थलोमा उभिएर बस्छ भनेको अर्हतको अभिप्राय हो।

## चार प्रकारका सर्पहरूको विशेषता

**पत्थद्धो भवति कायो**........ प्राणीहरूको स्कन्ध — शरीरलाई जब **कट्ठमुख** नाम गरेका सर्पले डस्छ तब उसको **शरीर** काठ जस्तै कडा भएर मृत्यु हुन्छन्। त्यस्तै सत्वप्राणी-हरूको शरीरमा पृथ्वी धातु प्रकोप भयो भने त्यसको शरीर **कट्ठमुख** सर्पले डसेको शरीर जस्तै कडा भएर मृत्यु हुन्छ।

प्राणीहरूको शरीरलाई जब **पूतिमुख** नाम गरेका सर्पले डस्छ तब उसको शरीरमा विभिन्न द्वारबाट फोहर बगेर

Downloaded from http://dhamma.digital/

कुहिएको दुर्गन्ध बहन्दै मृत्यु हुन्छ। त्यस्तै सत्वप्राणीहरूको शरीरमा **आपोधातु** प्रकोप भयो भने त्यसको शरीर **पूतिमुख** सर्पले डसेको शरीर जस्तै विभिन्न द्वारबाट फोहर बगेर कुहिए-को दुर्गन्ध बहन्दै मृत्यु हुन्छ।

प्राणीहरूको शरीरलाई जब **अग्गिमुख** नाम गरेका सर्पले डस्छ तब उसको शरीरमा डाह भएर छट्पटिएर मृत्यु हुन्छ। त्यस्तै सत्वप्राणीहरूको शरीरमा तेजो धातु प्रकोप भयो भने अग्गिमुख सर्पले डसेका शरीर जस्तै डाह भएर छट्पटिएर मृत्यु हुन्छ।

प्राणीहरूको शरीरलाई जब **सत्थमुख** नाम गरेका सर्पले डस्छ तब उसको शरीर छाती पेट मुटुको मुख्य मुख्य भागमा रहेका नसाहरू छिन्न भिन्न भएर तत्क्षणमै मृत्यु हुन्छ। त्यस्तै सत्वप्राणीहरूको शरीरमा वायु धातु प्रकोप भयो भने त्यसको शरीर सत्थमुख सर्पले डसेको शरीर जस्तै छाती पेट मुटुको मुख्य मुख्य भागमा रहेका नशाहरू छिन्न भिन्न भएर तत्क्षणमै मृत्यु हुन्छ।

मृत्यु होस वा न होस भित्र र बाहिर रोग हुँदा असह्य वेदना हुने यी सबै ती सर्पहरूले डसेको समान हो। शरीरमा सर्वत्र फिंजिरहेको सर्प समान भएको चार महाभूतमा प्रतिकूल ऋतु प्रतिकूल आहारको असर पर्दा ती चतुर्महाभूत प्रकोप भएर सारा शरीरमा आगोको राप निस्के जस्तै, प्रचण्ड वायु चले जस्तै घनघोर वर्षा भए जस्तै रोग व्याधिले उपद्रव गराउँछ।

रूपकायलाई **फोट्ठब्बले** र नाम कायलाई **फस्स** (स्पर्श)

Downloaded from http://dhamma.digital/

ले प्रभावित गरेर दुःख वेदना गराउँछ। टाउकोमा भएका सर्प समान चार महाभूतले टाउकोमा डसे झैं अनेक प्रकारका रोग गराउँछ। त्यस्तै छातीमा मुटुमा आँखामा कानमा नाकमा मुखमा भएका सर्प समान चार महाभूतले त्यस त्यस ठाउँमा डसे झैं त्यस त्यस ठाउँमा अनेक प्रकारका रोग गराउँछन्।

यस्तै नै सारा शरीरमा रहेका चार प्रकारका सर्प जस्ता चार महाभूतमा प्रतिकूल ऋतु प्रतिकूल आहारको असर पर्दा ती चार महाभूत प्रकोप भएर सारा शरीरमा ती सर्पहरूले डसे जस्तै अनेक प्रकारका रोग गराउने विचारपूर्वक हेर्नु पर्दछ।

## बधक (हत्यारा) समान चार महाभूत

Dhamma.Digital

लोकमा रोग व्याधि हुने र मृत्यु हुने सबै यही चार महाभूत प्रकोप भएर नै हुन्छन्। चटचाङबाट रोग ब्याधिबाट शस्त्र प्रहारबाट मरण हुने पनि आध्यात्मिक चार महाभूत प्रकोप नभइकन हुन सक्दैन।

चटचाङ परेर शस्त्र अस्त्र लागेर तलवार भाला आदिबाट चोट लागेर सर्प विच्छे आदिले टोकेर हुने मृत्युहरू पनि आध्यात्मिक चार महाधातु प्रकोपको कारणबाट नै हुने हो। यसरी बाहिरबाट आक्रमण हुने विघ्न बाधा हुने सबै ती

Downloaded from http://dhamma.digital/

आध्यात्मिक चार महाभूतलाई उत्तेजित गराउने समान वा पदार्थ मात्र हुन् ।

मृत्यु हुने विषयमा यी चारैवटा आध्यात्मिक महाधातु निश्चय रूपले स्थायी रूपले सबैमा सधैं नै रही रहने हुँदा बधक (हत्यारा) समान भनिएको हो ।

त्यसकारण संयुक्त पालिमा यस्तो भनेको छः–

**यो भिक्खवे पथवी धातुया ...**

भिक्षु हो ! कडा हुने स्वभाव भएको पृथ्वी धातुको प्रतिसन्धि कालमा उत्पन्न भएको जुन स्थिति बढ्नु र प्रादुर्भाव हुने हो त्यो पृथ्वी धातुको उत्पन्न हुनु समस्त दुःखको उत्पन्न हुनु हो । जुन पृथ्वी धातुको स्थिति हो त्यो अनेकानेक रोग व्याधिहरूको प्रतिसन्धिदेखि दुःख उत्पन्न गर्ने हो । त्यो पृथ्वी धातुको प्रकट हुनु प्रतिसन्धिकाल देखि जरा मरणसम्म प्रादुर्भाव हुने हो ।

भिक्षु हो ! त्यस्तै धिक्का पार्ने र बहने स्वभाव भएको आपो धातुको प्रतिसन्धि कालमा उत्पन्न भएको जुन स्थिति बढ्नु र प्रादुर्भाव हुने हो त्यो आपो धातुको उत्पन्न हुनु समस्त दुःखको उत्पन्न हुनु हो । जुन आपो धातुको स्थिति हो त्यो अनेकानेक रोग व्याधिहरूको प्रतिसन्धिकाल देखि दुःख उत्पन्न गर्ने हो । त्यो आपो धातुको प्रकट हुनु प्रतिसन्धिकाल देखि जरामरणसम्म प्रादुर्भाव हुने हो ।

भिक्षु हो ! तातो र चिसो स्वभाव भएको तेजो धातु-को प्रतिसन्धिकालमा उत्पन्न भएको जुन स्थिति बढ्नु र

Downloaded from http://dhamma.digital/

प्रादुर्भाव हुने हो त्यो तेजो धातुको उत्पन्न हुनु समस्त दुःखको उत्पन्न हुने हो । जुन तेजो धातुको स्थिति हो त्यो अनेकानेक रोग व्याधिहरूको प्रतिसन्धिकाल देखि दुःख उत्पन्न गर्ने हो । त्यो तेजो धातुको प्रकट हुनु प्रतिसन्धिकाल देखि जरामरण-सम्म प्रादुर्भाव हुने हो ।

भिक्षु हो ! चलने सहायता दिने र बहन गर्ने स्वभाव भएको वायु धातुको प्रतिसन्धिकालमा उत्पन्न भएको जुन स्थिति बढ्नु र प्रादुर्भाव हुने हो त्यो वायु धातु उत्पन्न हुनु समस्त दुःखको उत्पन्न हुनु हो । जुन वायु धातुको स्थित्ति हो त्यो अनेकानेक रोग व्याधिहरूको प्रतिसन्धिकाल देखि दुःख उत्पन्न गर्ने हो । त्यो वायु धातुको प्रकट हुनु प्रतिसन्धिकाल देखि जरामरणसम्म प्रादुर्भाव हुने हो ।

यी सत्वप्राणीहरूको प्रतिसन्धिकालमा चार महाधातु उत्पन्न हुने बित्तिकै वर्तमान जन्ममा दुःख भोग्नु पर्ने हुनाले नै यसलाई सारा दुःख उत्पन्न भएको भनेको हो । जरामरण सबै प्रकट भएको भनेको हो । जुन बेला यस्तो स्वभावलाई साक्षात्-कार रूपले जस्ताको तस्तै देखिने हुन्छ । त्यस बेला लोकमा विरूपक्ख एरापथ आदि सर्पहरूलाई पनि आसी विष घोर विष उग्रतेज भन्न योग्य हुँदैन । वास्तवमा ती सर्पहरू भन्दा पनि महान् शक्तिशाली गरूड, देव, इन्द्र, ब्रह्माहरूबाट पनि मुक्त हुन नसकिने किसिमसँग दुःख कष्ट दिइरहेका आध्यात्मिक चार महाभूतलाई नै आसी विष, घोर विष उग्रतेज भन्न योग्य हुन्छ । यहीकारण "चत्तारो आसीविसा घोरविसा उग्रतेजाति

Downloaded from http://dhamma.digital/

खो भिक्खवे चतुन्नेतं महाभूतानं अधिवचनं' भनेको हो ।

यो देशना अनुसार यी चार महा धातु रूपस्कन्धको अति भयावह दुःख लक्षण हो भन्ने कुरा राम्रोसँग प्रकट हुन्छ । यस्ता विरूद्ध कारणसँग सामना गर्नु पर्दा (जुर्न आउँदा) आफ्नो पहिलेको अवस्था तुरून्तै छोड्नु पर्ने हुन्छ ।

पृथ्वीको काठ जस्तै विपरीत हुने, आपोको कुहुएर बगेर जाने तेजोको बलेर जाने वायुको छुटेर जाने स्वभाव यी सबै पानीको फिंज जस्तै सार नरहो असार मात्र छन् । त्यस-कारण "फेण पिण्डूपमं रूपं" भनी देशना गर्नु भएको हो ।

## चार धातु भावनाको पूर्ण अवस्था

'रूप अट्ठबीस' भनीकन रूपस्कन्ध धर्म अट्ठाइस भएर पनि चार धातुलाई मात्र देखाएको किन भने चारै धातु विपस्सना कृत्य पूर्ण हुन सक्ने हुनाले चतुक्क अंगुत्तर पालिमा देशना गर्नु भएको छ ।[1] यथा– अथखो आयस्मा राहुलो........

१) याच राहुल अज्झत्तिका पथवी धातु...विराजेति ।

२) याच राहुल अज्झत्तिका आपो धातु...विराजेति ।

३) याच राहुल अज्झत्तिका तेजो धातु...विराजेति ।

१ हेतुस्– अगुत्तर निकायपालि, चतुक्क निपात पृ. १७५ ।

Downloaded from http://dhamma.digital/

४) याच राहुल अज्झत्तिका वायो धातु...विराजेति ।
"यतोखो राहुल...अन्तमकासि दुक्खस्साति ।"

१) त्यस बखत आयुष्मान् राहुल जहाँ भगवान् हुनु हुन्थ्यो त्यहाँ गएर योग्य ठाउँमा बसे । योग्य ठाउँमा बसेका आयुष्मान् राहुललाई भगवान्ले यस्तो आज्ञा गर्नु भयो– राहुल ! आध्यात्मिकमा रहेका जुन पृथ्वी धातु छ फेरी बाहिरी जुन पृथ्वी धातु छ । यी दुबै पृथ्वी पृथ्वी स्वभाव मात्र हो । यी दुबै पृथ्वी धातु मेरो होइन म होइन मेरो आत्मा होइन । यसरी यी दुबै पृथ्वीधातु-लाई जस्तो छ त्यस्तै राम्रोसँग विपस्सना प्रज्ञाले हेर्नु पर्छ । यसरी यी पृथ्वी धातुलाई यथार्थमा राम्रोसँग विपस्सना प्रज्ञाले देखे पछि पृथ्वी धातु देखि वैराग्य हुन्छ । पृथ्वी धातुमा चित्त आशक्ति रहित हुन्छ ।

२) राहुल ! आध्यादत्मिकमा रहेका जुन आपोधातु छ, फेरी बाहिरी जुन आपोधातु छ । यी दुबै आपोधातु आपो स्वभाव मात्र हो । यी दुबै आपोधातु मेरो होइन म होइन मेरो आत्मा होइन । यसरी यी दुबै आपोधातु-लाई जस्तो छ त्यस्तै राम्रोसँग विपस्सना प्रज्ञाले हेर्नु पर्छ । यसरी यी आपोधातुलाई यथार्थमा राम्रोसँग विपस्सना प्रज्ञाले देखे पछि आपोधातु देखि वैराग्य हुन्छ । आपोधातुमा चित्त आशक्ति रहित हुन्छ ।

३) राहुल ! आध्यात्मिकमा रहेका जुन तेज धातु छ, फेरी बाहिरी जुन तेज धातु छ । यी दुबै तेज धातु तेज

Downloaded from http://dhamma.digital/

**स्वभाव** मात्र हो। यी दुबै तेज धातु मेरो होइन म होइन मेरो आत्मा होइन। यसरी यी दुबै तेज धातु-लाई जस्तो छ त्यस्तै राम्रोसँग **बिपस्सना** प्रज्ञाले हेर्नु पर्छ। यसरी यो तेज धातुलाई यथार्थमा राम्रोसँग **बिपस्सना** प्रज्ञाले देखे पछि तेज धातु देखि वैराग्य हुन्छ। तेज धातुमा चित्त आशक्ति रहित हुन्छ।

४) राहुल ! आध्यात्मिकमा रहेका जुन **बायो** धातु छ, फेरी बाहिरो जुन **बायो** वायु धातु छ। यी दुबै **बायो** धातु वायु स्वभाव **मात्र** हो। यसरी यी दुबै बायो धातुलाई जस्तो छ त्यस्तै राम्रोसँग **बिपस्सना** प्रज्ञाले हेर्नु पर्छ। यसरी यी **बायो** धातुलाई यथार्थमा राम्रोसँग **विपस्सना** प्रज्ञाले देखे पछि **बायो** धातु देखि **वैराग्य** हुन्छ। **बायो** धातुमा चित्त **आशक्ति** रहित हुन्छ।

राहुल ! जुन बेला भिक्षुले यी चार धातुमा सार न-भएको, आत्मा नभएको, शरीरसँग सम्बन्ध नभएकोलाई **राम्रोसँग** देख्छ राहुल ! यस्तो देख्ने भिक्षुलाई यथार्थमा देख्ने **भिक्षु** भन्छन्। उसको तृष्णा काटियो **संयोजन** राम्रोसँग **काटियो**। मानलाई राम्रोसँग हटाउन सकेको हुनाले अनेक **प्रकारको** दुःखलाई अन्त गर्न सक्ने भयो।

"**पथवीयेवसा**" यो पालि गाथालाई यसरी सम्झनु पर्छ— **पृथ्वी** जङ्गल पहाड इत्यादिमा रहेका बाहिरो पृथ्वी पनि मेरो **होइन** म होइन मेरो आत्मा होइन भन्ने स्पष्ट छ। त्यस्तै आफु **आफुसँग** भएको पृथ्वी ठोस क्रियालाई पनि मेरो होइन म

Downloaded from http://dhamma.digital/

होइन मेरो आत्मा होइन भनी राम्रोसँग देख्नु पर्छ । दुवै पृथ्वी समान सम्झनु पर्छ । आध्यात्मिक पृथ्वीलाई पुग्द्ल सत्व म भन्ने धारणा नलिनु, मेरो भनेर पनि नसम्झनु मेरो आत्मा भनीकन पनि नसम्झनु भनी स्पष्ट रूपले आज्ञा गर्नु भयो ।

## पाँच बधक

भगवान् बुद्धले भन्नु भयो– "हे राध !"

१) रूप स्कन्ध नामक बधक एक,

२) वेदना स्कन्ध नामक बधक एक,

३) सञ्ञा स्कन्ध नामक बधक एक,

४) सङ्खार स्कन्ध नामक बधक एक,

५) विञ्ञाण स्कन्ध नामक बधक एक,[१]

उपर्युक्त उल्लेखित पालिको आधारमा सबै प्राणीहरू सधैं मरण हुने कारणले आ-आफ्नो स्कन्ध रूपी बधक भनी जान्नु पर्‍यो । लोकमा जति पनि मरण भएका छन्; तिनी-हरूको आ–आफूमा भएको पञ्च स्कन्ध विपरीत नभई मृत्यु

१. खन्ध वग्ग, संयुत्तनिकाय ।

Downloaded from http://dhamma.digital/

भएको हुँदैन । भनाईको तात्पर्य हो, आ–आफूमा भएको पञ्च स्कन्ध विपरीत भएर मात्रै मरण हुन्छ । विजुली चम्की टाउँकोमा लागे पनि स्कन्ध विपरीत नभएमा मृत्यु हुँदैन । त्यसकारण मुख्यतया स्कन्ध नै बध गर्ने हत्यारा हुन् ।

## अर्को किसिमको बधक

अथवा मरण–धातु नामक मृत्यु धर्मलाई पनि मृत्यु मार भन्ने चलन भएको कारणले विपरीणाम धर्मलाई नै बधक भनिएकोले मनुष्यको स्कन्धमा भएको विपरीणाम धर्मले मनुष्य स्कन्धलाई भित्र भित्रै बध गर्दछ । देव–स्कन्धमा भएको विपरीणाम धर्मले देव–स्कन्धलाई भित्र भित्रै बध गर्दछ । ब्रह्म स्कन्धमा भएको विपरीणाम धर्मले ब्रह्म–स्कन्धलाई भित्र भित्रै बध गर्दछ । मनुष्य स्कन्ध, देव–स्कन्ध, ब्रह्म–स्कन्धले मरण दण्डलाई सधैं भोग गर्नु पर्ने भएकोले दुःख दण्ड नै हुन् ।

## तृष्णा बधक

प्राणी मात्रलाई विभिन्न किसिमबाट दुःख भइरहनुको प्रमुख कारण बाह्य व्यक्ति बाह्य स्थिति र बाह्य वातावरण नभई आफ्नै भित्र रहेको चित्तमा उत्पन्न हुने तृष्णा नै हुन् ।

Downloaded from http://dhamma.digital/

सारा जगतमा प्राणीहरूलाई दु:ख आउनु, भय हुनु, शोक असन्तुष्टि इत्यादि मानसिक विकारहरूको उत्पत्तिको कारण तृष्णा नै हुन् । यस कारण भगवान् बुद्धले भन्नु भएको छ ।

**"तण्हाय जायती सोको, तण्हाय जायती भयं ।**
**तण्हाय विप्पमुत्तस्स, नत्थि सोको कुतो भयं" ॥**

अर्थात्:– तृष्णाले नै शोक उत्पन्न हुन्छ, तृष्णाले नै भय उत्पन्न हुन्छ, तृष्णाबाट अलग्ग हुने व्यक्तिलाई शोक उत्पन्न हुँदैन, भय कहाँबाट उत्पन्न हुन्छ ? तृष्णाबाट नै प्राणी-हरूलाई सारा प्रपञ्च उत्पन्न भइरहेका हुन्छन् । सबै सांसारिक समस्याका जड तृष्णा नै हुन् ।

यसरी यी तृष्णाका कारणाबाट मानिसहरूले विभिन्न उपद्रव मचाई परिवारहरू र समाजहरू अनि देशहरूमा अशान्ति भाव ल्याइरहेका हुन्छन् । परिणाम स्वरूप आफुलाई नै दु:खित, पीडित तुल्याइरहेको हुन्छ । तृष्णाको वसमा परी लोभयुक्त चित्त भएर मानिसले जघन्य अपराध पनि गर्न पछि हट्दैनन् । यसै सन्दर्भमा यहाँ एउटा बुद्धकालीन घटना प्रस्तुत गर्नु सान्दर्भिक हुन आउँछ ।

श्रावस्ती नगरमा सुमन भन्ने एक गृहपति थिए । उनको एउटी धर्मपत्नी, छोरा र छोरी थिए । छोरा र छोरी सानै हुँदा आमा बाबुहरू देहान्त भए । देहान्त हुनु अगाडि आमा बाबुले छोरालाई बहिनीको जिम्मा लगाएर देहान्त भए । आमा बाबुको पछि बहिनीलाई योग्य कुलमा विवाह

Downloaded from http://dhamma.digital/

गरी, आफूले पनि योग्य कन्या विवाह गरे । एक दिन बहिनी गर्भवती भएकोले आफ्नो दाजूलाई भेट्न आफ्नू स्वामीसँग माइत आइन् । दाजूले आफ्नू बहिनीलाई योग्य सत्कार गरे । जुवाई दुई तीन दिन बसी फर्के । त्यस पछि दाजूले आफ्नू बहिनीलाई गर्नु पर्ने कर्तव्य पूरा गर भनी अह्राए । एक दिन आफ्नू भाउज्यूलाइ आफ्नी नन्दले हात, गोडामा लगाइराखेका गहनामा लोभ उत्पन्न भयो । त्यो गहना कसरी आफूले प्राप्त गर्न सकिएला भनेर मनमा अनेक कुरा खेलाई बिरामी जस्ती भई पल्टी रहिन् । आफ्नू स्वामीले के भयो भनी सोध्दा सीधा नन्दले लगाई राखेका गहनामा लोभ उत्पन्न भएको नभनी, नन्दको पाँच प्रकारको मधुर मांस खान पाए मात्र आफू निको हुने कुरा व्यक्त गर्छिन् । यस्तो कुरा सुनी लोग्ने चाँहीले यस्तो पाप कर्म गर्न हुन्न भनी आफ्नी पत्नीलाई सम्झायो । तर मासु खानु नपाए भने म बाँच्न सक्दिन भनिन् । स्त्री प्रति आशक्तिको कारणले आफ्नै बहिनीलाई मार्न उ मानसिक रूपले तयार हुन विवश हुनु पर्‍यो । अनि कसरी मार्ने भनी विचार गर्दा गर्दै आमा बाबुले दिई राखेको ऋण उठाउन जाऊँ भनी बहाना गरी बहिनीलाई साथ लिई घोर जङ्गलमा पुगे पछि बहिनीको चुल्ठो समाती घिसारी रथबाट खसालेको बेलामा बहिनीलाई प्रसव वेदना भई छोरो जन्म्यो । दाज्यू ! मलाई के गरेको हो ? मेरो भूल भए क्षमा देऊ" भनेर बहिनी चाँहीले विभिन्न किसिमले याचना गर्दा पनि दाज्यूको हृदय परिवर्तन गर्न सकेन । आफ्नो दाज्यूलाई सम्झाउन नसक्ने भए पछि,

Downloaded from http://dhamma.digital/

बाटोमा आउँदा भगवान् बुद्धको दर्शन भएको कारणले त्रिशरणलाई बारम्बार स्मरण गरी रहिन्, र दाज्यू प्रति मैत्री भावना गरी रहिन् ।

मैत्री र त्रिशरणको आनुभावले वृक्ष देवताले ती अवलालाई बचाउन जुवाईंको रूप धारण गरेर दाज्यूलाई तर्साई भगाई छोरा सहित सुरक्षित स्थानमा राखी स्वयं अन्तर्धान भए ।

यस कथाबाट तृष्णाले मानिसहरूलाई कहाँसम्म ओराल्न सक्छ भन्ने कुरा प्रष्ट हुन्छ ।

गहनाको लोभले आफ्नै नन्दको हत्या गराउने स्त्री र स्त्री प्रति आशक्तिको कारणले बहिनीलाई मार्ने प्रयास गर्ने दाज्यू दुबै तृष्णाको कारणले यस्तो जघन्य अपराधको कार्य-कलाप गर्न पुगेका हुन् ।

यस्तो किसिमले मानिसलाई मानिसको तहबाट ओराल्ने गुप्त बधक रूपमा रहेको तृष्णालाई मानिसले निर्मूल पार्नु पर्छ भनी भगवान् बुद्धले आज्ञा गर्नु भएको छ ।

## अज्झत्तिक आयतन ६ वटा

आध्यात्मिक आयतनको स्वभाव:–

"सुञ्ञो गामोति खो भिक्खवे छन्नं तं अज्झत्तिकानं आयतनानं अधिवचनं (संयुत्त पालि)

Downloaded from http://dhamma.digital/

**"चक्खायतनं, सोतायतनं, घानायतनं, जिव्हायतनं, कायायतनं, मनायतनं"** ।

भिक्षु हो ! उजाड भएको गाउँ डरलाग्दो गाउँ भन्ने छ: प्रकारका **"अज्झत्तिक"** (भित्री) आयतनहरूका नाम हुन् ।

आँखाको गेडा भित्र अविरलरूपले फुट्टफुट्ट उत्पन्न भइ-रहेको कर्मज महाभूतको निर्मल चक्षु धातुलाई **"चक्खायतन"** भनिन्छ । निर्मल पानीमा, ऐनामा, अनुहारको प्रतिबिम्ब देखिए झैं चक्षुप्रसादमा रूप आकार छायाँहरू सबै देखिन्छ । चक्षुप्रसादमा रूप आकार छायाँहरू उत्पन्न भइरहेको बेलामा त्यो चक्षुप्रसादमा फुट्ट फुट्ट उत्पन्न भइरहेकोलाई देखियो भनीकन जानिएकोलाई **"मनायतन"** भनिएको हो । यहाँ चक्षु–विज्ञानधातुलाई मनायतन भनिएको हो ।

कान भित्र अविरलरूपले फुट्ट फुट्ट उत्पन्न भैरहेको कर्मज महाभूतको निर्मल श्रोतधातुलाई श्रोतआयतन भन्दछ । जति पनि शब्द ती सबै श्रोतआयतनमा छायाँका रूपमा पर्न आउँछ । त्यसलाई छायाँ रूपमा श्रोतविज्ञानले सम्झी रहन्छ । त्यो शब्द उत्पन्न हुने क्षणमा श्रोतप्रसादमा फुट्ट फुट्ट उत्पन्न भै रहेको जुन सुनिने क्रिया हो त्यसलाई **"मनायतन"** भनिएको हो । यहाँ श्रोतविज्ञानलाई **मनायतन** भनिएको हो ।

नाकभित्र अविरलरूपले फुट्ट फुट्ट उत्पन्न भै रहेको कर्मज महाभूतको निर्मल घ्राण धातुलाई घ्राणआयतन भन्दछ । जति पनि गन्ध छ त्यो घ्राणआयतनमा घटन भै

Downloaded from http://dhamma.digital/

रहन्छ । सोही घटन भै रहेको क्षणमा त्यस घ्राणआयतनमा फुट्ट फुट्ट उत्पन्न भै रहेको बास आउने सुगन्धलाई बास आयो भनीकन जानिएको लाई **"मनायतन"** भदन्छ । यहाँ घ्राण विज्ञान धातुलाई **"मनायतन"** भनिएको हो ।

**जिह्वा**मा अविरलरूपले फुट्ट फुट्ट उत्पन्न भै रहेको कर्मज महाभूतको निर्मल **जिह्वा** धातुलाई **जिह्वायतन भन्दछ** । यो **जिह्वायतन**मा आउने जति पनि अनेक प्रकारको **रस** छ । त्यो **जिह्वा**प्रसादमा घटन भै रहन्छ। त्यो घटन **क्षणमा जिह्वा**प्रसादमा फुट्ट फुट्ट उत्पन्न भै रहेको जुन स्वाद लिने क्रिया हो त्यसलाई **मनायतन** भन्दछ । यहाँ जिह्वाविज्ञान धातुलाई **मनायतन** भनिएको हो ।

भित्र र बाहिर भै रहेको सारा शरीरमा अविरलरूपले फुट्ट फुट्ट उत्पन्न भै रहेको कर्मज महाभूतको निर्मल कायधातु-लाई **कायायतन** भन्दछ । तातो चिसो आदि **फोट्ठब्ब** धातु यो कायप्रसादमा घटन भै रहन्छ । घटन भै रहेको क्षणमा यस कायप्रसादमा फुट्ट फुट्ट उत्पन्न भै रहेको स्पर्श हुने क्रियालाई **मनायतन** भन्दछ । यहाँ काय विज्ञान धातुलाई मनायतन भनिएको हो ।

यो काय विज्ञान धातु नामक चित्त बाहिर सारा शरीरमा **फोट्ठब्ब** धातु घटन भएको ठाउँमा उत्पन्न हुन्छ । पैतालाको मुनि काँढा बिझने, ठेस लाग्ने ढुङ्गाको गिर्खा आदि-ले बिझाउँदा पैतालामा यो विज्ञान चित्त उत्पन्न हुन्छ । सारा शरीरमा जहाँसुकै पनि पोल्ने, ठिग्याउने, चिलाउने, थाक्ने,

Downloaded from http://dhamma.digital/

दुख्ने, कठीग्रिने, फर फराउने, इत्यादि चाल पाएको सबैलाई कायविज्ञान चित्त उत्पन्न भएको ठाउँमा मात्र चाल पाउन सकिन्छ । पैतालामा कायविज्ञान चित्त उत्पन्न हुँदा खेरी मात्र पैतालामा पोलेको, चिसो भएको थाहा पाउने हुन्छ । आन्द्रा भित्र, मुटु भित्र फोक्सो भित्र कायविज्ञानचित्त उत्पन्न हुने बेलामा मात्र पेटमा पोलेको, दुखेको, छात्तीमा पोलेको दुखेको इत्यादि थाहा पाउने हुन्छ । पिठ्यूँमा सर्वत्र घामले पोल्ने फोट्ठब्बधातुले स्पर्श हुँदा खेरी मात्र सारा पिठ्यूँमा यो विज्ञान चित्त उत्पन्न हुन्छ । यो विज्ञान चित्त उत्पन्न हुने स्थान भएको पिठ्यूँमा यस ठाउँमा पोल्यो, त्यस ठाउँमा पोल्यो भन्ने थाहा पाउँछ । यसरी नै भित्र बाहिर सारा शरीरमा चाल पाउने हुन्छ ।

हृदय भित्र अविरलरूपले फुट्ट फुट्ट उत्पन्न भै रहेको अनेक प्रकारको विचार चिन्तनालाई शुद्ध **मनायतन** भन्छ । **मनायतन** दुई प्रकारका हुन्छन् । जस्तैः–

(१) **भवङ्ग चित्त** र (२) **जवन चित्त** ।

(१) स्कन्ध देहलाई मृत्यु नहुने गरी रक्षा गरी राख्ने चित्तलाई **'भवङ्ग चित्त'** भन्छ । (२) शरीरको अङ्ग सञ्चालन हुने, मुखको अङ्ग सञ्चालन हुने, चित्तको अङ्ग सञ्चालन हुनेलाई उत्पन्न गर्ने चित्त जतिलाई **'जवन चित्त'** भन्दछन् ।

**आध्यात्मिक आयतनलाई ६ प्रकारले विभाजन गरी राखेको काण्ड समाप्त भयो ।**

Downloaded from http://dhamma.digital/

## बाहिर आयतन ६ वटा

**"गामघातका चोराति खो भिक्खवे छन्ने 'तं बाहिरानं आयतनानं अधिवचनं"।**

भिक्षु हो; ग्रामघातक भनेको ६ बाहिर आयतनको नाउँ हुन् । (१) अनेक प्रकारको वर्ण रूप नामक **रूपायतन** (२) अनेक प्रकारको शब्द नामक **सद्दारम्मण** (३) अनेक प्रकारको गन्ध नामक (बास) गन्धायतन (४) अनेक प्रकारको रस नामक **रसायतन** (५) **पथवी, तेजो, वायो** नामक अनेक प्रकारको स्पर्श **फोट्ठब्बायतन** (६) **चेतसिक ५२** सुखुमरूप १६ निर्वाणलाई **धम्मायतन** भनिन्छ । यी ६ वटा लाई बाहिर आयतन भनिन्छ ।

## यक्षहरू भएको ध्वस्त गाउँको उपमा

घेरै समयसम्म गुल्जार भै रहेको नगर एउटा थियो । त्यस नगर पछि कुनै अन्तरायको कारणले विनाश भएर गयो । त्यहाँ कुनै मानिसहरू थिएन । यक्ष, भूत, प्रेत, पिचाशहरू मात्र रहेका थिए । टाढा टाढाबाट हेर्दा निकै गुल्जार भै रहेको राजधानी जस्तो देखिन्थ्यो । दूर देश बासी यात्रीहरू वर्षाको मौसममा साह्रै दुःख कष्ट भोगी (दुर्गम) मार्गबाट आई रहेको बेलामा त्यस नगरमा पुग्दा निकै गुल्जार भै रहेको

Downloaded from http://dhamma.digital/

नगरमा हामी आई पुग्ने भयौं। त्यहाँ पुगे पछि मात्र राम्रो-सँग खाई, पिई, सुखपूर्वक बस्न पाउँला भनी मनमा सन्तोष मानी रह्यो। नगरमा पुग्दा खेरी कुनै पनि मानिसहरू नदेखी ध्वस्त भै रहेको घरहरू मात्र देख्यो। साह्रै नै भोकले सताउँदा घरको कोठा भित्र पसेर हेर्न जाँदा केही पनि खाने, पिउने वस्तु भेट्टाउन सकेन। केही काम नलाग्ने भाँडा कुँडा-का टुक्रा र कसिगरको रास मात्र देखे। यसलाई कसैले श्मसान सम्झेर घर भित्र भूत, प्रेत, पिचाशहरू निस्केर हमला गर्ला कि भन्ने भय हुन्थ्यो। रूखमुनि बस्दा खेरी पनि त्यस माथि बसेका भूत, प्रेतहरूले हमला गर्ला कि भन्ने भय हुन्थ्यो। त्यसकारण उनीहरू मध्ये कोही बेलुका त्यहाँ विलम्ब नगरी तुरुन्तै भागेर गए। भय त्राशलाई चिन्तना नगरी उपेक्षा गरी थाकेका छौं भनी सुती रहने मानिसहरूलाई रात परेपछि त्यस गाउँ भित्र रहेका क्षुधा पीडित भूत, प्रेतहरू आई तिनी-हरूलाई मारेर खाए।

यस उपमामा सत्वहरूको स्कन्ध देहमा आँखाले देखिने ध्वस्त गाउँ एउटा। कानले सुनिने ध्वस्त गाउँ एउटा। नाकले सुघ्ने ध्वस्त गाउँ एउटा। जिह्वाले स्वाद लिने ध्वस्त गाउँ एउटा। शरीरले स्पर्श गर्ने ध्वस्त गाउँ एउटा। मनले चिन्तना गर्ने ध्वस्त गाउँ एउटा गरी ध्वस्त गाउँहरू ६ वटा भए।

आँखाले देखिने कसरी ध्वस्त गाउँ भने, आँखाको अगाडि देखिने दृष्टि गोचर भनेको साह्रै नै विशाल छ। दश दिशामा भएका जङ्गल, पर्वत, जल, पृथ्वी, सूर्य, नक्षत्र सबै

Downloaded from http://dhamma.digital/

आँखाको आधार भै रहेको आँखाको अगाडि देखिने दृष्टि गोचर गर्न सकिने विशाल क्षेत्र हो । त्यो देखिने क्रियालाई सत्व प्राणीहरूले निर्कै भर परि रहन्थ्यो । त्यो देखिने क्रियाले सत्व प्राणीहरूको चित्त साह्रै नै उत्तेजित गऱ्थ्यो । त्यो देखिने क्रियाले उत्तेजित गरेको कारणले सत्व प्राणीहरू मृत्युराजको सामुन्ने गर्धन थापे जस्तै भैरहे पनि मृत्युराजलाई आफूलाई भलो गर्ने व्यक्ति जस्तो सम्झी रहन्थ्यो । अविद्या अन्धकारलाई पनि आफूलाई भलो गर्ने जस्तो सम्झी रहन्थ्यो । सत्काय दृष्टिलाई पनि आफूलाई भलो गर्ने जस्तो सम्झी रहन्थ्यो । हृदय भित्र विद्यमान भै रहेको अनन्त पुराना अपाय दु:ख भोग्नु पर्ने ऋणलाई पनि आफूलाई भलो गर्ने जस्तो सम्झी रहन्थ्यो । पछि अज्ञानी भै अनन्त दुश्चरित्र गर्नेलाई पनि आफूलाई भलो हुने जस्तो सम्झी रहन्थ्यो । अपाय संसारलाई पनि आफूलाई भलो हुने जस्तो सम्झी रहन्थ्यो । यो सबै ध्वस्त गाउँलाई ठाढैबाट देखेको समान हो ।

यसरी आफूलाई भलो हुने जस्तो सम्झे पनि अविराम-रूपले अनन्त मरण हुने प्रकट रूपमा भै रहेको महान् डाहलाई शान्त गर्नको निम्ति त्यो देखिने कार्यमा खोजी गरी हेर्दा केही पनि भेट्टाउन सकिंदैन । अविद्या अन्धकार हराएर विद्या आलोक देख्नुको निम्ति कुनै कुरा खोजे पनि त्यो देखिने आँखाको क्रियामा केही देखिने होइन । सत्कायदृष्टि अपाय-को मूल जड उखाड्नुको निम्ति खोजी गर्दा त्यो उखाड्ने केही कुरो भेट्टाउन सकिंदैन । पुराना अनन्त अपाय ऋण शान्त

Downloaded from http://dhamma.digital/

पर्नेको निम्ति खोजी गर्दा पनि केही कुरा भेट्टाउन सकिदैन । पछि पतन हुन जाने अपाय दुर्गतिबाट मुक्त हुन त्यो जन्म भर सम्म देखिने प्रक्रियामा खोजी गरे पनि केही भेट्टाउन सकिदैन । ती यात्रीहरूले त्यो गाउँमा पुग्दा खाने पिउने, लाउने कुरा खोजी गर्दा पनि केही कुरा भेट्टाउन नसकेको जस्तै हो ।

## इन्द्रिय असंयमी हुँदा हानी

लोभ, द्वेष, मोह, अविद्या, तृष्णा, मान, दृष्टि, इर्ष्या, मात्सर्य, आदि क्लेशहरू आँखाले रूप देख्दा, वृद्धि भै आउने हो । आँखा खोली जति पटक हेर्छ, उति पटक उपरोक्त क्लेशहरू प्रवेश गरेर उन्मत्त भएर, बाल मूर्ख भएर, अनेक धोखा हुने कार्यमा प्रेरणा दिने भै क्लेशको दास भै हीन अवस्थामा रहनु पर्ने हुन्छ । आँखाले देख्नेहरूलाई हुन सक्ने क्लेश कार्य दुश्चरित्र कार्यहरूलाई जलमा रहने, स्थलमा रहने प्राणीलाई हेरी देख्न सक्ने गरी बुझ्नु पर्छ । **ती ध्वस्त गाउँमा बेलुका निदाइ रहेकाहरू यक्षहरूको आहार जस्तै भयो ।**

**"चक्खुन्द्रियं असंवुतं विहरन्तं अभिज्झा, दोमनस्सा पापका अकुसला धम्मा अन्वासवेय्युं" ।**

चक्षु इन्द्रियलाई संवर न गरी विहार गरी रहने सँग अविद्या दौर्मनस्य जस्ता हीन अकुशल धर्महरू प्रवेश हुन्छ ।

Downloaded from http://dhamma.digital/

धातु नगरमा विलम्ब नहुने गरी धातु ज्ञान प्राप्त भै सकेका व्यक्तिहरू ती गाउँमा विश्राम नगरी मुक्त हुने स्थानमा भागेका समान हुन् ।

प्रज्ञप्ति नगरमा मनको बशमा परेका व्यक्तिहरू ती ध्वस्त गाउँमा राती निदाइ रहेका व्यक्ति समान हुन् । यो भयो चक्षुद्वारको ध्वस्त गाउँ समान भएको दर्शाएका कुरा ।

त्यस्तै अनेक प्रकारका शब्द सुनिने पनि श्रोतद्वार क्षेत्रको ध्वस्त गाउँ समान भएको,अनेक प्रकारका गन्धलाई सुघ्ने घ्राण-द्वार क्षेत्रको ध्वस्त गाउँ समान भएको, अनेक प्रकारका गुलियो, अमिलो आदि रसलाई स्वाद लिने जिह्वाद्वार क्षेत्रको ध्वस्त गाउँ समान भएको, राम्रा राम्रा वस्त्र लगाउनु काय आदि फोट्ठब्ब धर्मलाई अनुभव गर्ने नामक कायद्वारको ध्वस्त गाउँ समान भएको, विश्राम गर्ने समयसम्म पनि न पाउने गरी चिन्तना गर्ने मनोद्वार अनन्त विशाल ध्वस्त गाउँ समान भएकोलाई चक्षुमा जस्तै विभिन्न रूपले विस्तार पूर्वक यहाँ जानेर लिनु पर्छ ।

"सोतिन्द्रियं असंवुतं विहरन्तं अभिज्झा दोमनस्सा अकुसला धम्मा अन्वासवेय्युं" ।

"घाणिन्द्रियं । जिह्विन्द्रियं । कायिन्द्रियं । मनिन्द्रियं असंवुतं विहरन्तं अभिज्झा दोमनस्सा अकुसला धम्मा अन्वासवेय्युं" ।

नरक भूमिमा रहेका अनन्त सत्वप्राणीहरू, तिर्यक्

Downloaded from http://dhamma.digital/

भूमिमा रहेका अनन्त सत्वप्राणीहरू, प्रेत, भूमिमा रहेका अनन्त सत्वहरू, असुर काय भूमिमा रहेका अनन्त सत्वहरू-लाई ६ भागमा विभाजन गर्दा एक भाग चक्षुको क्षेत्रबाट पतन हुने हुन्छन् ।

त्यस्तै एक भाग श्रोतको क्षत्रबाट, एक भाग घ्राणको क्षेत्रबाट, एक भाग जिह्वाको क्षेत्रबाट, एक भाग कायको क्षेत्रबाट र एक भाग मनको क्षेत्रबाट पटन हुने हुन्छन् ।

यी छः स्थानबाट अलग्ग भएर नरक, प्रेत, तिर्यक, असुर नामको चार अपायमा भुलमा परेर पटन भएका कुनै प्राणीहरू छैनन् ।

यो भयो **"सुञ्ञो गामोति भिक्खवे, छन्ने 'तं अज्झत्ति-कानं आयतनानं अधिवचनं"** भन्ने पालिको अर्थ विस्तार-पूर्वक दर्शाएका कुरा ।

## गाउँलाई ध्वस्त गर्ने चोर डाँकाहरूको उपमा

ती बाहिरी आयतन छ वटा नगर गाउँलाई लुटेर दुःख कष्ट दिई खाई पिई रहेका जङ्गली डाँकाहरूका दल समान हुन् ।

कसरी भने– ती ती जङ्गल नजिकका नगरको पर्खाल, पर्खालको बाहिर घेरी राखेको पानीको नहर, योद्धाहरू, शस्त्र अस्त्रहरू काँढाको बार ढोका, पाले, पहरा न भएका नगर

Downloaded from http://dhamma.digital/

गाउँहरू छन् । ती ती जङ्गलमा, पनि नगर गाउँलाई लुटेर जीविका गरी रहेका जुवा खेल्ने र मद्यपान गरी रहेका पाँच सय वा हजार–हजार जनाका दल बाँधी बसेका डाँकाहरू हुन्छन् । ती डाँकाहरू दिनमा वा रातमा आफू खुशीको समय-मा नजिक नजिक परेका गाउँ, निगममा घेरा दिई लुटेर आफूलाई मन पर्ने "सविञ्ञाणक, अविञ्ञाणक" प्राणीहरू र वस्तुहरू लुटेर लान्छन् । गाउँ बासीहरूलाई बोलाई बोकन समेत लगाई आफ्नु अखडामा लाने पनि गर्छन् । ती ती नगर गाउँका मान्सिसहरूले हात हतियार, नगरको पर्खाल, नहर, काँढाका बार ढोका, ढोका, पाले र पहरा दरिलो न भएको हुनाले डाँकाहरूले दुःख दिएको सही रहनु पर्ने हुन्छन् । धन सम्पत्ति कमाएर राखेको भएता पनि कहिल्यै साहु महाजन हुनु सक्दैनन् । धन हीन भै दरिद्र भै बस्नु पर्ने हुन्छन् । कुनै कुनै धन सम्पत्ति हीन भै खान, पिउन, लाउन न पाएर डाँकाहरूका अभिवृद्धिको निम्ति आफूले सक्दो बोकेर लगी जीविका गर्ने हुन्छन् ।

## बोधिपक्खिय धर्मलाई डाँकाहरूले नष्ट गरेको

यस, उपमा मा श्रद्धा, शील, हिरि, ओत्तप्प, श्रुत, त्याग, प्रज्ञा नामक सातवटा सत्पुरुष धन संसारमा घुमिरहेका देव, ब्रह्मा, मनुष्यहरूका धन हुन् । शासन भित्र सैंत्तिस बोधिपक्खिय धर्म आध्यात्मिक धन समान हुन् ।

Downloaded from http://dhamma.digital/

छः वटा भित्री आयतनको समूह भै रहेको यो पञ्च स्कन्ध देह, ती नगर गाउँ समूह समान हुन् । "सविञ्ञाणक, अविञ्ञाणक" वर्ण रूप सण्ठान, शब्द, गन्ध, रस आदि बाहिरी छः वटा आयतन डाँकाहरू समान हुन् । आजीवट्ठमक शील, इन्द्रिय संवर शील, कायगतासति आदि रहित भै रहेका बाल पृथग्जन, सत्वप्राणीहरू हातहतियार, नगरको पर्खाल, नहर, काँटाको बार, ढोका, पाले पहरा नभएको नगर गाउँ समान हुन् ।

छः द्वारको अगाडी रहेको आरम्मण छः वटा सदैव सुरक्षित गरी राख्न पर्ने शीलसंवर रूपी काँढाको बार, ढोका, नभएको, अशुभ भावना, कायगतासति आदि हातहतियार नभएको ती ती पञ्चस्कन्ध नगर, गाउँ, निगम-लाई छः वटा द्वार खुल्लम खुल्ला खुलेको एक आसनमा सयौं पटक भन्दा बढी जबर्जस्ती भित्र पसेर ती ती कुशल चित्त कुशल मन, असल विचार नामक धन सम्पत्तिलाई जबर्जस्ती लुटेर नष्ट भ्रष्ट गर्ने समान हुन्छन् । असल मन भएको बेलामा छः द्वारमा घटना भएको ती ती आरम्मणहरूले त्यस असल मनलाई पूर्ण रूपले घात गरी त्यस पुद्गललाई अकुशल तिर जबर्जस्ती तानेर लाने हुन्छ । जसले गर्दा त्यस पुद्गलले ती कुशल मनलाई छाडी अकुशल आरम्मणमा पुग्न जान्छ आरम्मण रूपी डाँकाको पछि लाग्ने हुन्छ । त्यस कुशल मन कहिले पनि सक्षम रूपले शुद्ध भावना रूपी धन सम्पत्ति संग्रह गर्न सक्दैन ।

Downloaded from http://dhamma.digital/

यस्तो भगवान् बुद्धको शासन भएको बेलामा भगवान् स्थापना गर्ने, विहार बनाई दिने दायक नामले प्रख्यात भएका दायकहरू साठी, सत्तरी, अस्सी वर्षसम्म पनि बाहिरी आरम्मण रूपी डाँकाहरूको बशमा परेर "उद्धच्च, वितक्क" रूपी हात-हतियारले आफूलाई प्रहार गराई रहेको कारणले आनापान सति आदि भावनाको अभ्यास न गर्नाले बाटो खर्च रूपी हातहतियार न भएको झैं दुःखी दरिद्र भै मरण हुने हुन्छ। यसरी अनमत्तग्ग संसारमा दीर्घकालसम्म घुमी रहँदा पनि अपाय दुःख आदिबाट सधैंको लागि मुक्त हुन सकिने "भावना धर्म" धन सम्पत्तिबाट अलग्गिएर आई रहेकोले आजसम्म "अविद्या" रूपी अन्धकारमा परी 'सत्काय-दिट्ठि' अन्धकारमा परो पुराना पुराना अनन्त दुश्चरित्र धारण गरी नयाँ नयाँ दुश्चरित्र उपार्जन गरो अपाय भयले नै युक्त भै जीवन व्यतीत गरी रहेका हुन्छन्। जन्म जन्मसम्म भावना रूपी आहार, भावना रूपी वस्त्र विहीन भै आँखाको आरम्मण रूपी डाँका-हरूका अभिवृद्धि गर्ने, कानको आरम्मण रूपी डाँकाहरूका अभिवृद्धि गर्ने, नाकको आरम्मण रूपी डाँकाहरूका अभिवृद्धि गर्ने, जिभ्रोको आरम्मण रूपी डाँकाहरूको अभिवृद्धि गर्ने मन-को आरम्मण रूपी डाँकाहरूका अभिवृद्धि गर्ने, कायमा आफ्नो भए भरको बल शक्ति प्रयोग गरी रहेका हुन्छन्। यसरी छ आरम्मण रूपी डाँकाहरूका हातहतियार भनेका पन्ध्र सय क्लेश रूपो मसाल समान हुन्। छः आरम्मण रूपी डाँकाहरूले वी सत्वप्राणीहरू पञ्चस्कन्ध देह नामक नगर, गाउँलाई पन्ध्र

Downloaded from http://dhamma.digital/

सय क्लेश रूपी मसालले नै निरन्तर जलाई रह्यो। त्यस्तो **पञ्चस्कन्ध** देह रूपी नगर गाउँमा **"सतिपट्ठान"** आदि सार धर्म कहिले प्राप्त गर्न सकिएला ?

यस्तो धर्मलाई देखाउन **"गाम घातका चोराति खो भिक्खवे, छन्ने तं बाहिरानं आयतनानं-अधिवचनं"** भनी देशना गर्नु भयो ।

यो भयो बाहिर आयतनलाई दर्शाएको कुरा ।

## चार प्रकारका ओघ (बाढी)

(१) **कामोघ,** (२) **भवोघ,**
(३) **दिट्ठोघ,** (४) **अविज्जोघ,**

(१) पञ्चकामगुण (रूप, शब्द, गन्ध, रस र स्पर्श) प्रति आशक्ति हुने तृष्णालाई **"कामोघ"** भन्छन् ।

(२) रूप र अरूप ब्रह्माहरू प्रति आशक्ति हुने तृष्णालाई **"भवोघ"** भन्छन् ।

(३) [1]जति पनि ६२ प्रकारका मिथ्या दृष्टि (उल्टा धारण) हरू छन् । ती सबैलाई **"दिट्ठोघ"** भनी भन्छन् ।

(४) चार आर्य सत्यलाई न जान्नुलाई **"अविज्जोघ"** भनी भन्छन् ।

---

१. हेर्नु होस ब्रह्मजाल–सुत्त, दीघ निकाय ।

Downloaded from http://dhamma.digital/

# आर्य अष्टाङ्गिक मार्ग

भगवान् बुद्धले साक्षात्कार गर्नु भएका चतुरार्य सत्यको चौथो सत्य दुःख निरोध गामिनी प्रतिपदा–आर्यसत्य अर्थात् दुःख निवारण गर्ने मार्ग भनिन्छ। मनुष्यहरूलाई अनार्यबाट आर्यमा, असभ्यबाट सभ्यतिर लैजाने मार्ग आर्य अष्टाङ्गिक मार्ग नै हुन्। यसकारण यसलाई भवसागर पार गर्ने बेडा (डुंगा) पनि भनिन्छ।

आर्य अष्टाङ्गिक मार्ग भनेको सम्यक् दृष्टि, सम्यक् सङ्कल्प, सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् आजीव, सम्यक् ब्यायाम, सम्यक् स्मृति, सम्यक् समाधि, हुन्। यी आठ मार्गलाई, शील, समाधि, र प्रज्ञा तीन भागमा विभाजन गर्न सकिन्छ। यथाः–

१. शीलः– सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् आजीव,

२. समाधिः– सम्यक् ब्यायाम, सम्यक् स्मृति, सम्यक् समाधि,

३. प्रज्ञाः– सम्यक् दृष्टि, सम्यक् सङ्कल्प,

आर्य अष्टाङ्गिक मार्ग अभ्यासको क्रममा सर्व प्रथम शीलको अभ्यास आवश्यक हुन्छ। ती गुण धर्मलाई घरको उपमा दिएमा शील घरको जग समान हुन्छ। जबसम्म घरको जग बलियो हुँदैन तबसम्म त्यस घरको निश्चितता न भए

Downloaded from http://dhamma.digital/

जस्तै हुन्छ, जबसम्म शीलमा प्रतिष्ठित भएको हुँदैन तबसम्म समाधि र प्रज्ञाको क्षेत्रमा पाइला टेक्न सक्दैन ।

शील– बचन संयम गर्नु, शारीरिक कर्म संयम गर्नु र आफ्नो आजोविका संयम गर्नु नै शील हुन् ।

झूठो कुरा न बोल्नु, चुगली न गर्नु, कडा बचन न बोल्नु र अनावश्यक गफ न गर्नु, बचन संयम गर्ने कामलाई सम्यक् बचन भनिन्छ ।

प्राणी हिंसा न गर्नु, चोरी न गर्नु, ब्यभिचार न गर्नु-लाई सम्यक् कर्मान्त भनिन्छ ।

मिथ्या आजीविका नगर्नुलाई सम्यक् आजीव भनिन्छ ।

समाधि– कुशल चित्तको एकाग्रतालाई समाधि भनिन्छ । चित्तको एकाग्रताद्वारा सत्यको साक्षात्कार गर्नु समाधिको उद्देश्य हो । समाधिलाई तीन भागमा विभाजन गरेको छ । यथाः– सम्यक् ब्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि ।

सम्यक् ब्यायाम– चित्तलाई आफ्नो बशमा राख्ने र अकुशल विचारलाई हटाएर, कुशल विचारलाई विकाश गर्नु सम्यक् ब्यायामको उद्देश्य हो । यस अनुसार सम्यक् ब्यायाम-लाई चार भागमा विभाजन गरेको छ ।

(१) उत्पन्न अकुशल चित्तलाई उत्पन्न नै न गर्ने कोशिस गर्नु (२) उत्पन्न भइसकेको अकुशल चित्तलाई हटाउन निम्ति कोशिस गर्नु (३) उत्पन्न न भएका कुशल

Downloaded from http://dhamma.digital/

चित्त उत्पन्न गर्नुको निम्ति कोशिस गर्नु (४)उत्पन्न भइसकेका कुशल चित्तलाई झन् अभिवृद्धिको निम्ति कोशिस गर्नु ।

सम्यक् स्मृति– शान्त सजग (होश) र समता भावमा आफ्नो चित्तलाई प्रतिष्ठित गर्ने कार्यमा कायानुपश्यी, वेदनामा वेदनानुपश्यी, चित्तमा चित्तानुपश्यी, अनि धर्ममा धर्मानुपश्यी भई विहार गर्नु, अर्थात चार स्मृति प्रस्थानको अभ्यास गर्नु-लाई सम्यक् स्मृति भन्छन् ।

सम्यक् समाधि– कुशल चित्तको एकाग्रतालाई समाधि भनिन्छ । समाधिको मुख्य उद्देश्य हो चित्त एउटै आलम्बनमा राख्न सक्ने अभ्यास गर्नु हो । समाधिलाई चार ध्यान अङ्गको आधारमा चार भागमा विभाजन गर्न सकिन्छ । यी चार अङ्ग हुन्:–

वितर्क, विचार, प्रीति, सुख र एकाग्रता भएको प्रथम ध्यान ।

विचार, प्रीति, सुख र एकाग्रता भएको द्वितीय-ध्यान ।

प्रीति, सुख, र एकाग्रता भएको तृतीय ध्यान ।

सुख र एकाग्रता भएको चतुर्थ ध्यान ।

प्रज्ञा–आर्य-अष्टाङ्गिक मार्गमा सम्यक् दृष्टि र सम्यक्–सङ्कल्पलाई प्रज्ञा अन्तरगत वर्गीकरण गरिएको छ ।

सम्यक् दृष्टि–सत्यलाई जस्तो छ त्यस्तै यथार्थ रूपले जान्नु सम्यक् दृष्टि हो । अनित्यलाई अनित्य, दुःखलाई दुःख,

Downloaded from http://dhamma.digital/

अनात्मलाई अनात्म भनेर जान्नु सम्यक् दृष्टि हो। त्यस्तै चतुरार्यसत्य–दु:ख सत्य, दु:ख समुदय सत्य, दु:ख–निरोध सत्य र दु:ख निरोध गामिनी प्रतिपदा आर्य सत्यलाई राम्ररी बुझ्न सक्नु सम्यक् दृष्टि हो। जब मानिसमा सम्यक् दृष्टि हुन्छ तब त्यस व्यक्तिको पूर्वाग्रह, दृष्टि भ्रम हटेर जान्छ। त्यसपछि उसले वास्तविक सत्यलाई प्राप्त गर्न सक्दछ।

सम्यक् सङ्कल्प–चित्तमा उत्पन्न हुने विभिन्न प्रकारका चिन्तन मननलाई शुद्ध पार्नु नै सम्यक् सङ्कल्प हो। अर्को शब्दमा भन्ने हो भने राग, द्वेष, मोह विहीन चिन्तन नै सम्यक् सङ्कल्प हो। यसलाई तीन भागमा बाँड्न सकिन्छ।

नैष्क्रम्य संकल्प–पञ्चकामगुणबाट अलग्ग हुने संकल्प।

अब्यापाद संकल्प–द्वेषबाट अलग्ग हुने संकल्प।

अविहिंसा सङ्कल्प–हिंसाबाट अलग्ग हुने संकल्प।

हात गोडा चलाउनु भनेको वीर्यको अभिप्राय हो। यस प्रसङ्गमा मिलख व्याधाको कथा बुद्धकालीन एउटा घटना उल्लेख गर्दछु।

## मिलख व्याधाको कथा

भगवान् बुद्धको समयमा लौकिक ऋद्धि प्राप्त भइसके पछि अर्हत भएका एक भिक्षु जङ्गलमा एउटा पर्णशाला बनाई

Downloaded from http://dhamma.digital/

बसेका थिए । सोही जङ्गलमा पचास वर्षसम्म यताउती जाल हाली पंक्षीहरू मारी जीविका गर्ने मिलख नाम गरेका ब्याधा पनि बसी रहेको थियो । एकदिन त्यो ब्याधा पानीको प्यास लागेर सोही भिक्षुको पर्णशाला बाहिर राखिएको पानीको घ्याम्पामा पानी झिक्न लोटा डुबाए । परन्तु पानी एक थोपा पनि आएन । अनि उनले फटफटाउदै यी भिक्षुहरू अरूले दिएको मात्र खाई रहेका चुप लागेर बस्ने अल्सीहरू घ्याम्पामा अलि कति पनि पानी राख्न न जान्ने भनी गाली गरे । ब्याधा यसरी कराई रहेको सुनेर भरखर मात्र पानी भरेर आएको कसरी पानी छैन भनेको होला भनी भिक्षुले आश्चर्य मानेर हेर्न आए । लोटाले पानी उघाएर हेर्दा लोटा भरी पानी आयो । अनि के कारणले यस्तो भएको होला भनी विचार गरी हेर्दा पचास वर्षसम्म दिनहुँ पशु–पंक्षीहरू मारेर दुःख दिई आएको पाप कर्मले गर्दा घ्याम्पामा पानी भरी भएर पनि त्यसले पानी पिउन पाएन भन्ने कुरा बुझे ।

मानिसहरू बाहिरबाट हेर्दा उस्तै देखिए पनि कुनै ज्ञानी गुणी र असल भएर उर्ध्वगामी हुने कुनै भित्रभित्र इर्ष्यालु र खराब चित्त भई अधर्वगामी भएका हुन्छन् । यस्तो हुने सत्संगको फल र आ–आफ्नो कर्म अनुसार हुने हो ।

जीवनमा असल काम गर्ने सांचो कुरा बोल्ने बानी बसाल्नु पर्छ । आर्य अष्टाङ्गिक मार्ग मध्ये **"सम्मावाचा"**

Downloaded from http://dhamma.digital/

एउटा हो । खराब कुरा नगर्नेलाई "सम्मावाचा" भन्छन् । सम्यक् वचन पूरा गर्न चार कुरा जुट्न पर्छ ।

१. अरूलाई हानी गर्ने नियतले झूठा कुरा नगर्नु ।
२. मिलेकालाई छुट्याउने नियतले चुक्ली नगर्नु ।
३. अर्काको चित्त दुख्ने तरीकाले रीसले कडा वचन नगर्नु ।
४. कसैलाई काम न लाग्ने गफ न गर्नु ।

ब्याधाले घ्याम्पामा पानी न देख्ना साथ आफ्नो कर्मले आफू कुन ठाउँमा पऱ्यो भन्ने होस् न राखी भिक्षुहरूलाई न राम्रो कठोर वचन प्रयोग गऱ्यो । अरहन्त भिक्षुले त्यही घ्याम्पावाट पानी उघाएर "लौ पानी खाऊ" भनी दिंदा लाजले हात कामेर पानी पिउनु सकेन ।

अरहन्त भिक्षुले भन्नु भयो– तिमीले गरेको पापकर्मले गर्दा यही जुनिमा भएको पानी पनि पिउनु सकेनौं फेरी दिएको पानी पनि पिउनु सकेनौं भने अर्को जन्ममा कति दुःख भोग गर्नु पर्ने होला । अब होस राख, कुकर्म न गर भनी बोध गराउनु भयो ।

अनि ब्याधा डराएर भिक्षुको चरणमा शीर राखी क्षमा मागे– "भन्ते ! मलाई बाँकी जीवन मात्र भए पनि सुधारी दिनु हवोस" भनी भिक्षुको शरणमा गए । कुकर्म गर्दा अहिले र पछि पनि दुःख हुने रहेछ भन्ने कुरा बुझे । "अब

Downloaded from http://dhamma.digital/

होस राखेर असल काममा नै लाग्ने भएँ" भनी पश्चाताप गरे ।

अनि मिलख ब्याधालाई श्रामणेर दिक्षा दिएर मिलख भन्ने नाम नै राख्नु भयो । श्रामणेर भए देखि पाप कर्म देखि डराई रात–दिन अटूट रूपले ध्यान गरी रहे ।

राती निन्द्रा आउला भनीकन परालका चक्का बनाई पानीमा भिजाई टाउकोमा राखी चिसो पानी टप टप चुहाई ध्यान गर्थें । बसेर ध्यान गर्दा गोडा दुख्यो भने विहारको अगाडि खाल्टो खनी त्यसमा पानी भरेर त्यसमा बसेर ध्यान गर्थें । यसरी वर्षाबास तीन महीना सम्म रात–दिन मेहनत गर्दा पनि धातुको लक्षण केही देख्न सकेनन् । त्यसको आँखा-मा जालको पासो राखेको चरा–चुरुङ्गी पक्रेर मारी रहेको आदि पहिले गरी आएको कुकर्म मात्र आँखाको सामुन्ने आई रह्यो । त्यस कारण दिक्क र निराश भएर गुरु कहाँ गएर भन्ते ! यो जुनिमा म दुःखबाट पार तर्न नसक्ने भएँ । त्यसकारण पहेंलो बस्त्र मात्र लगाएर के गर्ने बरु गृहस्थी नै हुन जान्छु भनी प्रार्थना गरे ।

त्यो श्रामणेरलाई घर न जाऊ भनी जति सम्झाए पनि अर्ति दिएर पनि नमाने पछि विहारमा सफाइ गर्ने पानी भर्ने घाँस उखेल्ने आदि काम दिएर विहार मै राखे । त्यसले हरियो घाँस उखेलेर थुप्रो लगायो नदीको किनाराको पटकर र हाँगा–बिगाहरू थुप्रो लगाई राख्यो । अनि गुरुले त्यसलाई यो सबै जलाई देऊ भनी अरायो । त्यसले कति बाल्न मेहनत

Downloaded from http://dhamma.digital/

गऱ्यो तैपनि बाल्न सकेन । अनि गुरुले आफ्ना ऋद्धिले अवीचि नरकको साना आगोको टुक्राले छुवाउनु वित्तिकै हुरुक्क बले । अनि गुरुले भने नरकको आगो कत्तिको चर्को छ भन्ने तिमी-लाई थाहा छ ? यसरी नरकको आगोको शक्ति निकै चर्को भन्ने कुरा देखे पछि डराएर पहिले भन्दा पनि मन दिएर मेहनत गरी ध्यान गरे । तैपनि केही ज्ञान लाभ गर्न सकेन । किन भने त्यसले पहिले आफूले गरी आएको पाप कर्म मात्र झल झल सम्झी चित्त खिन्न भएको हुँदा पश्चाताप मानी रह्यो । खराब काम गरेर पछि पश्चाताप हुनेलाई पालिभाषा-मा **कुक्कुच** भन्छन् । पश्चाताप रहुञ्जेल **विपस्सना** ज्ञानमा उन्नति हुँदैन । ध्यान गरे पनि एकाग्र भएन । डरले गर्दा गृहस्थी बन्न पनि सकेन विहारमै आफूले सक्दो सेवा गरी रह्यो । एक दिन पानी लिन जाँदा खोलामा पानी भर्दा घडा बाहिर पानी तर्की रहेकोले गाग्री बिसाई रहेको वेलामा एक जना श्रामणेर-ले बुद्धवचन श्लोक कण्ठ नहोउञ्जेल घोकी रहेको सुनेर मन आनन्द भएको हुँदा एकछिन त्यहीं बसेर सुनी रह्यो । त्यो गाथा यो थियो ।

**"उट्ठानवतो सतिमतो, सुचिकम्मस्स निसम्म कारिनो ।**
**सञ्ञतस्स च धम्म जीविनो, अप्पमत्तस्स यसोभिवड्ढति ॥"**

अर्थः– उत्साही भएर होशियारी भएर, शरीर, वचन र मन संयमित गरेर असल काम राम्रोसँग विचार पूर्वक गर्ने र धार्मिक रूपले जीविका गरी अलसी न हुनेको यश झन् झन् वृद्धि हुन्छ ।

Downloaded from http://dhamma.digital/

यो गाथा सुनेर जति पनि पश्चाताप भै रहेको थियो त्यो सबै बिलाएर त्यो **व्याधा श्रामणेर**को मन हलुका भएर आयो । मन हलुङ्गो हुने वित्तिकै भाँडोमा पानी धमिलिएर अनुहार न देखिए झैं भै रहेको मन सँग्लो (निर्मल) भएर सोही बुद्धवचन सम्झँदै एक चित्त गरी **विपस्सना** ज्ञानमा मन लगाउँदै श्रोतापन्न भए । विहारमा पानी लिएर जान्छु भनी गाग्रो उठाउँदा उठाउँदै अनागामी फलमा प्रतिष्ठित भए । यो हो वीर्यको अभिप्राय ।

★ ★ ★

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# दान कथा

दान भनेको चेतना-दान,वस्तु-दान भनी दुई प्रकारका छन् । त्यस मध्ये म यस वस्तु यस व्यक्तिलाई दान दिन्छु भन्ने उद्देश्य राखी मनमा निश्चय गर्नुलाई चेतना दान भन्दछ। त्यसरी उद्देश्य राखी त्यो वस्तु उक्त व्यक्तिलाई हातमा दान दिनुलाई वस्तु-दान भनिन्छ । त्यसरी दिने दान–पुब्ब–चेतना, मुञ्च–चेतना, पर–चेतना भनी तीन प्रकारका छन् । दान दिनु भन्दा पूर्व उत्पन्न भएको चेतनालाई पुब्ब–चेतना भनिन्छ । दान दिइ रहेको वेला उत्पन्न भई रहेको चेतनालाई मुञ्च–चेतना भनिन्छ । दान दिइ सके पछि उत्पन्न भएको चेतनालाई पर–चेतना भनिन्छ । यी तीन चेतना मध्ये नुग्गहित चेतना, अनुग्गहित चेतना दुई प्रकारका छन् । चित्त दुखाई राख्ने नुग्गहित चेतना र चित्त नदुखाउने चेतना अनुग्गहित दुई मध्ये पुब्ब–चेतना,मुञ्च–चेतना,पर–चेतना तिनैवटा चित्त दुखाएर दान दिएको फलले श्री सम्पत्ति प्राप्त भएता पनि आफूले नखाई, कसैलाई नदिई धन रूंगी राख्ने जस्तै मात्र हुन्छ । फेरी अर्को जन्ममा दुःखी दरिद्र हुन्छ । चित्त नदुखाई

Downloaded from http://dhamma.digital/

(पुब्ब, मुञ्च, पर) तीनै चेतना मिलाएर दान दिएको फलले जति दान दिएर खर्च गरे पनि सिद्धिदैन। अर्को जन्ममा पनि राम्रो सुगति प्राप्त भई स्वर्ग लोकमा उत्पन्न हुन्छ भनी थाहा पाउनु पर्दछन्।

श्रावस्ती नगरको जेतवन महाविहारमा भगवान् बुद्ध आई राख्नु भएको बेला आगन्तुक महाजनको असी (८०) करोड भन्दा बढी धन सम्पत्ति भएर पनि खाढीको लुगा लगाएर अरूले बाटोमा फ्याकी राखेको डोरीले आफ्नो रथको लगाम बाँधेर, ताडको पातको छाताले ओड्ने, कनिकाको क्वांतिसँग पीडालुको सुकुटीको तर्कारी खाने गर्दथ्यो। उनको मृत्यु पछि सबै धन-सम्पत्ति राजाले ओसारी लग्यो। त्यो कंजूस महाजन मृत्यु पछि दुर्गतिमा पतन भयो।

उनी त्यसो भएको कारण पहिलेको जन्ममा प्रत्येक बुद्धलाई भोजन दान दिएको बखतमा पर-चेतना बिग्रेको कारणले हो भनी बुद्ध भगवान् आज्ञा दिनु भए।

श्रावस्ती नगरमा नन्द महाजनले पूर्व जन्ममा पुब्ब-चेतना खराब भएको कारणले र मुञ्च र पर-चेतना दुई राम्रो भएको कारण धन सम्पत्ति धेरै भएर पनि आफ्नो घरमा माग्न आउने याचकहरूलाई भित्र आउन न हुने गरी तालो, पहरा राखी राख्यो। त्यस कारणले मृत्यु पछि देश बाहिर चण्डाल कुलमा गर्भ बास भई ५०० सौ घर सम्मलाई कनिका खानु पर्ने स्थिति आई पऱ्यो। यसो भएको कारण

Downloaded from http://dhamma.digital/

ग्रामबासीले विचार गरे। हाम्रो गाउँमा कुनै अलक्षिण पापीले गर्भ धारण गर्न आएको जस्तो छ। अब गाउँ आधा आधा गरी जाँची हेर्नु पर्‍यो। आधा गर्दा गर्भिनी भएको गाउँ झन् दुःखी दरिद्र हुँदै गए। एवं प्रकारले गाउँ आधा गर्दै जाँदा गर्भिनी भएको स्त्रीलाई चिनी लोग्ने चाहिले उनलाई घरबाट निकाली दियो। गर्भवती स्त्रीले ढोका बाहिर धर्मशालामा बच्चा जन्माइन्। बच्चा ठूलो भई खेल्न सक्ने अवस्थामा पुग्दा पनि पेट भरी खान पाईनन्। यताउति सुकेको कर्कलोको र रायो-को सागहरू खोजेर जीविका चलाए। एक दिन बच्चालाई माटोको भाँडो दिई माग्न जाऊ भनी पठाई आफू आफ्नो घर गयो। बुद्ध आउनु भएको बाटोमा आफ्नो पहिले जन्मको छोरा सुनन्द महाजनका नोकरहरूले घर भित्र पसे भनी पिटेर निकालेको हुँदा रूँदै लडिरहेको पिण्डाचारमा पाल्नु भएका भगवान् बुद्धले देखेको हुँदा सुनन्द महाजनलाई बोलाएर भन्नु भयो। 'तिमीले आफ्नो बुबालाई किन दुःख दिएको?" सुनन्द महाजनले बिन्ति गर्‍यो;— "मेरो बुबा भनी तपाईले कसरी चिन्नु भयो?" भगवान् बुद्धले भन्नु भयो:— "यदि मेरो कुरामा पत्यार लाग्दैन भने— तिमीलाई न भनेको, न देखाएको कुनै धन सम्पत्ति छ?" भनी सोध्नु भयो। भो भगवान्, "धनको, धैला राखेका ठाउँ भनेको छैन," भन्दा उसो भए यसलाई राम्रोसँग खुवाई, पिलाई सोध, पत्ता लाग्दछ।" भगवान्ले भन्नु भए जस्तै नुहाई धुवाई खुवाई सके पछि सोध्दा, सुवर्ण घडा पत्ता लाग्यो। त्यस पछि राम्रोसँग

Downloaded from http://dhamma.digital/

पाली राख्यो । पुब्ब-चेतना बिग्रेको कारण महा कंजूसी भई दु:खी दरिद्रताको साथ दु:ख भोग्नु परिरहेको हो ।

उदाहरण- जोतिक महाजनले पुब्ब, मुञ्च, पर-चेतना मिल्ने गरी दान प्रदान गरी आएकोले जन्मेको दिन देखि सप्तरत्न समेत शस्त्र-अस्त्र देदिब्यमान भएर आयो । त्यसैले जोतिक भन्ने नाम भएर मार्ग फल प्राप्त नहुँदासम्म महान धनरत्न श्री सम्पत्ति परिभोग गर्न पाएको हो । यस्तो उदाहरणलाई लिएर बुझ्नु परेको छ । यो तीन चेतनाको दोष र फललाई देखाई राखेका हुन् ।

## शील कथा

सीलं सन्तं, सीलं सीतलं, सीलं सुखं भनी उध्दृत गरिएबाट शीलको अर्थ शीतल, आनन्दित र सुखानुभव हुने हो । शीलले मानिसलाई शरीर अनि चित्त दुबैलाई आनन्दित बनाउँदछ । शील भन्नाले पञ्चशील, अष्टशील र दशशील भनी तीन छन् । ती तीन शील मध्ये पञ्चशीलको विवरण पहिले भन्छु । पञ्चशीललाई गुण धर्म पनि भन्दछन् । ती पञ्चशील-लाई तीन प्रकारले पालन गर्न सकिन्छ । ती हुन् समादान विरती, सम्पत्त विरती र समुच्छेद विरती । कुनै बिहार, भिक्षुहरू वा सज्जनहरूको अगाडि गई शील प्रार्थना गरी अधिष्ठान गर्नुलाई 'समादान विरती' भनी भन्दछन् । शील

Downloaded from http://dhamma.digital/

प्रार्थना नगरिएता पनि दुश्शील कर्मबाट बची राख्नुलाई **सम्पत्त विरती** भनी भन्दछन् । स्रोता–पत्ति–मार्ग फल प्राप्त हुने क्षणमा पालन गर्नुलाई **समुच्छेद विरती** भन्दछन् ।

यी तीन मध्ये **समादान विरती**को धर्म कथा जातक अट्ठकथामा लेखिए अनुसार भन्दछु ।

बाराणसी देशमा ब्रह्मदत्त राजाले राज्य गरी रहेको बेला छोरा युवराज कहाँ चाकरीमा आउने एक कुलपुत्र पाँच वर्षको उमेरमा नै कस्तो धर्म ठूलो हो भनी सज्जन पण्डित-हरूसँग सोद्धा पञ्चशील नै उच्च धर्म हो भने देखि पाँच वर्ष उमेर देखि नै **"यावजी वं मे पञ्चसीलं समादियामि"** भनी एक सज्जन पण्डितको अगाडि अधिष्ठान गरी शील पालना गर्दै रह्यो । पछि सोह्र वर्षको उमेरमा एक दिन युवराजले भेट्दा "तिम्रो नाम के हो ?" भनी सोध्यो । उनले भन्यो, "मेरो नाम **सीलं रक्खित** हो ।" "उसो भए तिमी मेरो सेवा गर्ने म कहाँ बस्न आऊ ।"

एक दिन एउटा ग्रामवासीले चढाउन ल्याएको जङ्गली कुखुरा लिएर **सीलं रक्खित**लाई, "तिमीले यसको तरकारी बनाएर ल्याउनु" भनी दियो । पाँच वर्षको उमेर देखि **'आरती सील'** पालन गरेर आएका **सील रक्खित**लाई आपद पऱ्यो । तैपनि उसले शील नबिगार्ने निश्चय गरे । यस निरीह प्राणीलाई जीवन दान दिन्छु भनेर "जहाँ जान मन लाग्छ जानू" भनी उडाएर पठाए । **विरती** शील पालन गर्ने अठोट गरे । केही बेर पछि युवराज आई "खै ? कुखुराको मासु

Downloaded from http://dhamma.digital/

ल्याऊ" भने। **सीलरक्खित**ले "पाँच वर्ष देखिको मेरो शील भंग हुने डरले, मैले कुखुरा छोडी दिएँ" भने। युवराज अत्यन्त रिसाएर "मेरो आज्ञा उल्लंघन गरी मेरो आहारालाई छोड्ने यसलाई चोर प्रपातमा लगेर खसाली मार्नु" भन्ने हुकुम दिए। राजपुरुषहरूले पाता कसेर लगेको बेला, बाराणसीवासीहरू कोलाहल शब्द निकाल्दै विरोध गर्दै कराउँदै पछि पछि लागे। अहो! **सील रक्खित**लाई दण्ड दिएर मार्न लाग्यो, "भन्दै रूँदै, कराउँदै पच्छ्याउँदै गए। ती एक योजना लामो लस्कर भएर आए। चोर प्रपात पर्वतमा पुगेपछि **सील रक्खित**ले प्रार्थना गऱ्यो– "मैले पाँच वर्ष हुँदा देखि सोह्र वर्षसम्म **आरती सील** पालना गर्दै आएँ, अहिले प्राणसम्म त्यागेर **'विरती सील'** पालना गर्दैछुं, यस शील पालनाको प्रभावले **सब्बञ्ञुत ञाण** प्राप्त गर्न सकूँ। यसरी प्रार्थना गरी राखेको बेला बाँधी राखेको डोरी छोडी दिएको बेला चारवटा नागराजा सुनको डुँगा जस्तो उत्पन्न भएर सुवर्ण वर्णका नाग चारवटाको माथि सुनको प्रासादमा माणिकको पलंग माथि **सील रक्खित** पर्न गयो। चतुर्महाराज लोकपाल देवताहरू चारजनाले सेतो चारवटा छत्रले उनलाई ओढाएर बसे। **चतुर्महाराज** देवता, त्रायतिंश देवता, यामा देवता, तुषित देवाहरूले फूलले पूजा गरेर त्यसबाट **नैरञ्जना** नदीको पानी नै नदेखिने गरी छोपियो। त्यस बखत देशवासी जनताहरूले आफूले ओढी राखेको वस्त्रहरू फ्याकेर, पूजा गर्दै साधुकार गरेको शब्द गुञ्जिएर भूमि फुट्ला जस्तो भई कम्पन भयो। डुँगा पनि

Downloaded from http://dhamma.digital/

कहिले माथि कहिले तल हुन थाल्यो । त्यसै बेला ब्रह्मदत्त राजा तथा युवराजहरू राजभवनबाट तल ओर्लंदा त्यस अद्भुत दृश्य देखेर मूर्छा परेपछि तिनी होश आएर हात जोडेर बसेको बेला चतुर्महाराज देवताहरूले त्यस प्रासादलाई बोकेर देशभित्र ल्याए । ब्रह्मदत्त राजा र युवराजले सील रक्खितको खुट्टा समातेर ढोगी, "हाम्रो देश, राज्य सबै तपाईले लिनु होस्, हामी बाबु छोरा दुबैलाई नोकर बनाउनुस्" भनी प्रार्थना गरे । सील रक्खितले भन्यो, "महाराज ? मलाई यस काम गुण श्री सम्पत्तिको चाहना छैन, म तपोवन जान्छु" भनी प्रासादबाट ओर्लेर तपोवन गएको बेला ब्रह्मदत्त राजा बाबु, छोरा, "हामी दुबै पनि तपाईसँगै वनवास जान्छु" भनी पच्छ्याए । सीलरक्खित हिमवन्त प्रदेशमा गएर प्रब्रजित भई ध्यान समापत्ति प्राप्त गरेर मृत्यु पश्चात् ब्रह्मलोकमा उनको उत्पत्ति भयो । जातक मिलाउँदा दर्शाइएको कुरा यस प्रकार छन्– सीलरक्खित बोधि सत्व शाक्यमुनि बुद्ध; ब्रह्मदत्त राजा सारिपुत्र; युवराज आनन्द र नागराजा महाकस्सप थिए । यो पञ्चशील पालना गरेको गुणको प्रमाण हो ।

शील ग्रहण मुखले प्रार्थना नगरे तापनि अगाडि आएका खराब कर्मबाट अलग बस्नुलाई सम्पत्त बिरती भन्द-छन् । उदाहरणको रूपमा सींहल द्वीपमा एक बिधवा स्त्रीको दुई छोराहरू थिए । महाचक्कन र चूल चक्कन हून् । एक दिन त्यस स्त्रीलाई ठूलो रोग लाग्यो । वैद्यलाई देखाउँदा

Downloaded from http://dhamma.digital/

खरायोको रगतसँग औषधि खुवाएमा मात्र रोग निको हुने कुरा बताए । दाजु **महाचक्कनले चूल चक्कन**लाई खरायो खोजेर ल्याउन अह्राए । **चूल चक्कन** जङ्गल गई पासो थापेर बस्यो । खरायो पासोमा पऱ्यो । खरायोले **चल चक्कन** अगाडि आएको देखेर मरण भयले करायो । यसरी एक प्राणीलाई बचाउन अर्को प्राणीलाई मार्ने काम देखेर **चूल चक्कन**को मन परिवर्तन भयो । "आमालाई बचाउन अर्को प्राणीलाई मार्ने काम दोष रहित होइन । म यो दोषबाट मुक्त हुनु पर्दछ । आमाले कर्म अनुसार दुःख भोग्नु पर्दछ भने ठीकै छ" भन्ने विचार गरी उसले खरायोलाई अभय दान दिई छोडयो । घर फर्केपछि दाजु चाहिले सोद्धा खरायो छोड्नाको सबै कारण उसले बतायो । दाजु, आमालाई खरायो सँग तुलना गर्ने भन्दै रिसाएर कुट्न लाग्दा भाई चाहि आमा कहाँ छोपिन पुग्यो । आमाले पनि भै गयो भनी दाजु चाहिं-लाई भनी ।

त्यस पछि **चूल चक्कन**ले भन्यो– "आमा ! मैले जन्मे देखि आजसम्म प्राणी हिंसा गर्ने, **अदिन्ना दान** लिने व्यभिचार गर्ने झूठो कुरा गर्ने, जाँड, रक्सी इत्यादि लागु पदार्थ खाने कुनै काम गरेको छैन । यदि यो पालन गरेको कुरा सत्य हो भने मेरो आमाको रोग, व्याधि सबै शान्त भइ जावोस्" भनी आमाको पिठ्युँमा झारेको बखत कमलको फूलको पातमा रहेको शीत झरे जस्तै रोग ब्याधि सबै शान्त भएर गयो र सोह्र वर्षको उमेरको बेला झैं उनको शक्ति उत्पन्न भयो ।

Downloaded from http://dhamma.digital/

त्यसपछि आमा खुशी भएर "तथागतको पालामा भए मेरो छोरा अरहत हुने थियो," भनी प्रशंसा गरी। यो शील प्रार्थना नगरे तापनि अगाडि आएको खराब कार्यबाट अलग भइ बसेको **सम्पत्त विरती**को फल हो ।

## भावना कथा

राजगृह नगर स्थित बेलुवन विहारमा तथागत आउनु भएको बेला राजगिरी नगरमा बस्ने सात वर्षको एक बच्चा आमा, बाबुले सिकाइ राखेको "**बुद्धानुस्सति, धम्मानुस्सति, संघानुस्सति; बुद्धो मे सरणं अञ्ञां नत्थि, धम्मो मे सरणं अञ्ञां नत्थि; संघो मे सरणं अञ्ञां नत्थि;** भनी उठ्दा, सुत्दा, बस्दा जहिले पनि पाठ गरी राख्दो रहेछ। एक दिन बाबु, छोरा जङ्गल गई दाउरा बटुली गाडीमा राखी फर्केको बेला नगर भित्र पस्ने ढोका बन्द भइ सकेकोले ढोका बाहिर बाबु, छोरा दुबै जना सुति रहेको बेला राती **मिच्छादिट्ठि** (राक्षस) **सम्मादिट्ठि**, राक्षस नगर बाहिर घुमि हिंडेको बेला गाडिको मुनि सुति रहेका बाबु, छोरालाई देखेर **मिच्छादिट्ठि** (राक्षस) ले बच्चाको खुट्टा तान्यो । बच्चा पनि बाबु उठ्यो भनी बिउँफेर "**बुद्धो मे सरणं अञ्ञां नत्थि; धम्मो मे सरणं अञ्ञां नत्थि, संघो मे सरणं अञ्ञां नत्थि** भनी भनेको, सुनेर **सम्मादिट्ठि** यक्षले "हे मूर्ख ! "बुद्धको शिष्यलाई अपराध

Downloaded from http://dhamma.digital/

गरे– क्षमा माग ।" यक्षले भन्यो; मैले भूल गरें, म माफी माग्छु । के भनी माग्नु ? सम्मादिट्ठि यक्षले भन्यो– "सुवर्ण थालीमा भोजन राखेर माफी माग" भनी भन्यो । त्यस कुरा स्वीकारी, बिम्बिसार राजाको दरवारमा गई, सुनको थालमा भोजन राखी ल्याई बाबु छोरालाई उठाएर भन्यो– "तपाईहरू बुद्धको शिष्य भनी चाल पाइनँ, खुट्टा तानें । मेरो अपराधको लागि माफि माग्छु । भोजन स्वीकार गर्नुस् ।" उज्यालो भए पछि उता दरवारमा सुनको थाली हराएको थाहा पाएर यता उती खोज्न पठाउँदा बाबु छोराले सुनको थालमा खान लागेको देखेर उनीहरूलाई पाता कसेर राजा कहाँ लग्यो । दुबै जनासँग सोध्यो, सबै कुरा बिन्ति गऱ्यो । त्यही कुरा बुद्ध भगवानसँग सोद्धा वहाँबाट आज्ञा भयो– "बाबु छोराले भनेको कुरा ठीक हो महाराज ! यो आजको कुरा मात्र होइन– बुद्ध, धर्म, संघको गुणानुस्मरण गर्नेहरूलाई धेरै श्री सम्पत्ति र ऐश्वर्य प्राप्त भएका छन् ।" राजाले निवेदन गरेपछि भगवानबाट फेरि आज्ञा भयो––

हे राजन् ! अतीत समयमा पनि दाउरा चिरेर जीविका गर्ने सुभत्त नामक युवकले बुद्धको गुण नित्य अनुस्मरण गर्दै भावना गरेकोले शक्र देवेन्द्र प्रशन्न भई उसलाई यामावती देशको राजा बनाई दियो भन्नु हुँदै अतीत कथा सुनाउनु भयो ।

यो धर्म देशना सुनी सके पछि राजा बिम्बिसारले उनी बाबु छोरा दुबै निर्दोष भएको तथा सुनको थाल

Downloaded from http://dhamma.digital/

उनीहरूले न लगेको कुरामा पूरा विश्वास भयो। तिनीहरू-लाई पुरस्कार दिइ छोडी दियो। यस प्रकार धर्म ग्रन्थको प्रमाणाधार लिई बुद्धको अनन्त अपरिमित गुणलाई पहिला अनुस्मरण गरी भावना कोशिस गर्नु पर्छ। त्यस पछि आ–आफ्नो चरित्रानुसार सुहाउँदो एक न एक कर्मस्थान भावना गरी मार्ग फल प्राप्त गर्ने कोशिस गर्दै जानु पर्दछ।

* * *

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

## अनुवादिकाको अन्य पुस्तकहरू

१- वनवासीतिस्स
२- लंकादीपुप्पत्ति रसवाहिनी (प्रथम भाग)

## प्रकाशन भैसकेका पुस्तकहरू

१- त्रिरत्न-वन्दना आठौं संस्करण
२- बौद्ध शिक्षा
३- पालिपाठसिक्खावली
४- धम्मदिन्नाथेरी

## प्रकाशनको प्रतीक्षामा

१- लंकादीपुप्पत्ति रसवाहिनी द्वितीय र तृतीय भाग

---

"तपाईहरूका आ-आफ्नो छोरा-छोरी" शिक्षित गर्ने इच्छा भए 'नेपाल बौद्ध-परियत्ति' शिक्षा पढाउनु होस् ।

Downloaded from http://dhamma.digital/